अमेरिकी शान्ति प्रस्ताव 'अस्वीकार्य' - पुटिन | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १८७ • २०८२ साल मंसिर २० गते शनिबार (6 December, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

### मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव नियुक्त

# आइतबार शपथ ग्रहण, प्याकेजमै बाँडफाँट गर्ने गठबन्धनभित्र दबाब

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव नियुक्त भएका छन् ।

मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई शुक्रबार मुख्यमन्त्रीमा नियुक्त गरेका छन् ।

यादवलाई सात दलीय गठबन्धनको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त गरिएको छ । उनलाई प्रदेश प्रमुख डा. कर्णले संविधानको धारा १६८ को उपधारा २ बमोजिम नियुक्त गरेका छन् । नेता यादवले ७७ प्रदेश सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख समक्ष मुख्यमन्त्री पदका लागि दाबी पेश गरेका थिए ।

नवनियुक्त मुख्यमन्त्री यादवले कांग्रेस, जसपा नेपाल, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी, जनमत पार्टीका प्रदेशसभा सदस्यहरूको समर्थनमा उनी मुख्यमन्त्री बनेका छन् ।

नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेश प्रदेशको बेथिति हटाउने आफ्नो प्राथमिकतामा रहेको बताएका छन् ।

मुख्यमन्त्री यादवले भने, 'अब हाम्रो योजना भनेको प्रदेश बेथितिमा रहेको छ, पहिलो काम थितिमा ल्याउने हो', उनले भने, 'सुशासन कायम गर्ने हो ।' उनले मधेश प्रदेश गरिबी र अशिक्षाबाट गुज्रिरहेकाले रोजगारी र शिक्षाका लागिसमेत आफूले काम थाल्ने बताए । यसअघि मन्त्रालय विस्तारसंगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को पूर्णतापछि चरणबद्ध रुपमा मधेश प्रदेशको विकासका लागि काम गर्ने प्रतिवद्धता व्यक्त गरे । सात दलीय गठबन्धनले कांग्रेस नेतृत्वमा सरकार बनाए लगत्तै पूर्वमुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले कांग्रेस संसदीय दलका नेता कृष्णा यादवलाई बधाई दिएका छन् ।

पूर्वमुख्यमन्त्री सोनलले आफ्नो सामाजिक सञ्जाल अन्तर्गतको फेसबुक पेजमा स्टाटस लेख्दै, मधेश सरकारको कमाण्ड सम्हालेको कांग्रेस दलका नेता यादवलाई शुभकामना व्यक्त गरेका छन् । उनले संविधानको दायराभित्र सहमति र समन्वयमा अघि बढ्ने रणनीतिलाई स्वागतयोग्य गरेका छन् ।

यसअघि सात दलबीचको लामो छलफलपछि कांग्रेस नेतृत्वमा सरकार गठनको सहमति जुटेको थियो ।



## जसपाको सभामुख, भौतिक मन्त्रालयमा र जनमतको अर्थ मन्त्रालयमा दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम । सात दलीय गठबन्धनमा मुख्यमन्त्री र सभामुख पदका लागि लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र नेपाली कांग्रेसबीच विवादका कारण चलेको रस्साकस्सीपछि अन्ततः कांग्रेसले बाजी मारेको छ ।

नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद यादव मुख्यमन्त्रीमा नियुक्त भएसंगै सभामुख पद र मन्त्रिमण्डल विस्तारका लागि सात दलीय गठबन्धनभित्रका घटक दलहरु बीच मन्त्रालय बाँडफाँटको विषयले प्रवेश पाएको छ ।

मुख्यमन्त्री कांग्रेसले पाएपछि सभामुख पद जसपा नेपालले नै पाउने लगभग पक्कापक्की रहेको स्रोतको दाबी छ । तर अन्य मन्त्रालयलगायतका बाँडफाँटको विषयमा औपचारिक रुपमा टुंगो लाग्न अझै बाँकी रहेको बताइन्छ ।

नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साहले आइतबारसम्ममा प्याकेजमै सहमति हुने दाबी गरेका छन् ।

उनले सभामुख पददेखि विभिन्न मन्त्रालयसम्मका विषयहरु सात दलीय गठबन्धनको बैठक बसेर प्याकेजमै सहमति हुने बताए ।

तर स्रोतका अनुसार मुख्यमन्त्री कांग्रेसले पाएपछि जसपा नेपालले भने सभामुख पद, भौतिक पूर्वाधार विकास मन्त्रालयमा दाबी गरेको छ । त्यस्तै अर्थ मन्त्रालयमा जनमत पार्टीले दाबी गरेको स्रोतले जनाएको छ ।

यता नवनियुक्त मुख्यमन्त्री यादवले आइतबार शपथसँगै पदभार ग्रहण गर्ने भएका छन् । त्यसपछि मन्त्रिमण्डलदेखि सभामुखको टुंगो लागिसक्ने बताइएको छ ।

नयाँ सरकार गठनसंगै सात दलीय गठबन्धनसंग मधेश प्रदेश सभामा दुई तिहाई भन्दा अधिक मत रहेको छ ।

यादवलाई कांग्रेससहित जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीको समेत समर्थन रहेको छ ।

सात दलीय गठबन्धनमा रहेका प्रदेश सभामा कांग्रेसका २२, जसपा नेपालका १९, जनमतका १३, माओवादी केन्द्रका ९ र लोसपा नेपालका ८, नेकपा एकीकृत समाजवादीका ७, नागरिक उन्मुक्ति पार्टीको १ सहित गरी ७८ जना सांसद छन् । भने नेकपा एमाले २५ र संघीय समाजवादी पार्टीका १ जना प्रदेश सांसद छन् ।

## नवनियुक्त मुख्यमन्त्री यादवको राजनीतिक यात्रा

**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहटको गढीमाई नगरपालिका-८ स्थित बरियारपुरमा २०२४ भदौं ९ गते जन्मिएका कृष्णप्रसाद यादव राजनीतिक पृष्ठभूमि बोकेको परिवारबाट प्रतिनिधित्व गर्छन् । २०४६ सालको जनआन्दोलनपछि नेपाली कांग्रेसको सक्रिय राजनीतिमा आएका यादवको जन्मथलो गाउँ बरियारपुर हो ।

उनका बुवा रामचन्द्र यादव राजनीतिज्ञ हुन् । रामचन्द्र २०५४ सालमा कांग्रेसबाट बरियारपुर गाविस अध्यक्षमा चुनाव जितेका थिए । उनले बुवाबाट प्रभावित भएर राजनीति यात्रा आरम्भ गरे ।

उनी २०६४ सालमा भएको पहिलो संविधानसभा सदस्य निर्वाचनमा रौतहट क्षेत्र नम्बर ४ बाट निर्वाचित भएका थिए ।

२०६७ सालदेखि निरन्तर रुपमा दुई पटक नेपाली कांग्रेस रौतहटको जिल्ला सभापति भइसकेका छन् । त्यसपछि उनी मधेश प्रदेश कांग्रेस सभापति बनेका छन् । २०७९ सालको प्रदेशसभा निर्वाचनमा उनी क्षेत्र नम्बर १ 'ख' बाट निर्वाचित भए । नवनियुक्त मुख्यमन्त्री यादव कृषिमा स्नातक गरेका छन् । गत पुस १४ गतेमा कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता पदमा यादव चुनिए । मधेश प्रदेशको अघिल्लो सरकारमा कांग्रेसको समर्थन फिर्ता लिने निर्णयमा पनि उनले सांसद र पार्टी नेता दुवैको हैसियतमा भूमिका खेलेका थिए । मधेश प्रदेशमा जसपा नेतृत्वको सरकारको पालामा उनी भौतिक मन्त्रीसमेत भइसकेका छन् ।

## कोलकाता र हल्दियाको दशौं वर्षदेखि प्रयोगविहीन

**अनिल तिवारी**

कोलकत्ता (भारत) । योजनाविहीनताको कारण भारतलाई नेपालले लाखौं रुपैयाँ भाडा सित्तैमा तिर्दै आएको छ । नेपालले भारतको कोलकाता र हल्दियामा लिजमा लिएको भूमि एक दशकदेखि प्रयोगविहीन भए पनि जग्गाको भाडा भुक्तानी गर्दै आएको छ । तर त्यसको उपयोगिता प्रति सरकारी निकाय मौन रहेको छ ।

योजनाको शून्यता र सरकारी उदासीनताले लाखौं रुपैयाँ खर्चेको कुरा पढदा आश्चर्य लाग्न सक्छ । तर यस्तो अजब गजबको लापरबाही आपूर्ति मन्त्रालय अन्तर्गत कोलकत्तामा रहेको पारवहन कार्यालय हो । दुबै ठाउँको बन्दरगाहमा नेपालले लिजमा लिएको भाडा एक दशकदेखि भुक्तानी गर्दा उपयोगिता शून्य रहेको छ । नेपाल सरकारले भारत सरकारलाई सित्तैमा लाखौं रुपैयाँ भुक्तानी गर्नेको पछाडि नेपाल सरकार र सम्बन्धित निकायकै लापरवाही रहेको बताइन्छ ।

भारतको कोलकत्तामा रहेको पारवन तथा गोदाम व्यवस्थापन कार्यालयले यस्तो बालुमा पानि खन्याउने बजेट सन २०१५ देखि खर्चिदै आएको छ ।

सन् २०१५ देखि कोलकत्ता र हल्दिया बन्दरगाहमा रहेको जग्गाको उपयोगिता हुन नसकेको कोलकत्ता शाखाका प्रमुख हिमनाथ पौडेलले जानकारी दिए । उनले जग्गा लिजमा लिए पनि व्यापार खोज नसकिएको बताए ।

कोलकत्तामा रहेको पारवन तथा गोदाम कार्यालयले भारत तथा तेश्रो मुलुकको व्यापार सहजीकरणको काम गर्दै आएको छ । मूल रुपमा नेपाल सरकार तथा राष्ट्र बैंकका लागि आउने ट्रेड एन्ड ट्रान्जिटका सबै व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी भएको पौडेलले प्रष्ट पारे ।



यद्यपि सरकारी उदासीनताले गर्दा नै व्यापार सहजीकरणको लागि लिएको जग्गाको भाडा उपयोग हुन नसकेको प्रमुख पौडेलको स्विकार गरे ।

हल्दिया बन्दरगाहमा मात्र रहेको दुइवटा जग्गाको भाडा मासिक साढे तीन लाख भुक्तानी गरिएको बताउँदै प्रबन्ध पौडेलले भने, 'दुई दशकअघि लिइएको उक्त ठाउँ हाल प्रयोग नहुँदा पनि भाडा तिर्नुपर्ने बाध्यता छ, यो खर्च वर्षेनी करिब ४२ लाख रुपैयाँ जति पर्छ ।' हल्दियामा भाडामा लिइएको स्थान वर्षौंदेखि प्रयोग नभएको र त्यही ठाउँको गोदाम पनि प्रयोग हुन नसकको पौडेलको भनाइ छ ।

नेपाल सरकारले लिइरहेको जग्गा र गोदामहरू २०५९ सालदेखि भाडामा लिएको छ । हल्दियामा रहेको गोदाम प्रयोगका लागि अत्यावश्यक पूर्वाधार तथा सुविधासमेत उपलब्ध गराइएको छ । जग्गा तथा गोदाम रेखदेखको लागि एक जना कर्मचारी पनि राखिएको छ । नेपालले माल ढुवानी प्रक्रिया परिवर्तन गरेसँगै हल्दिया प्रयोगविहीन बनेको हो । त्यहाँ रहेका कर्मचारीहरूले समेत कामविहीन बस्नु परेको बताए ।

हल्दियामा भाडामा लिइएको चार रोपनी क्षेत्रफल प्रयोगविहीन रहेको नेपाल अन्तरदेशीय व्यापार कार्यालय हल्दियाका प्रमुख अधिकारीहरूले बताए ।

२०५९ सालमा लिइएको सो स्थान आवस्यकता नपरे पनि सम्झौता नवीकरण भइरहेकाले प्रत्येक वर्ष भाडा तिर्नुपर्ने बाध्यता छ । उक्त सम्झौता रोक्का गर्ने विषयमा नेपालका तर्फबाट पहल नहुँदा भाडा तिर्ने क्रम रोकिएको छैन ।

## सांसदबाट विच्छा पदमुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेको मधेश प्रदेश सरकारको पालामा मुख्यमन्त्रीलाई समर्थन गरी मन्त्री बनेकी राष्ट्रिय प्रजातन्त्र पार्टीबाट समानुपतातिक सांसद बनेकी कञ्चन विच्छालाई सांसदबाट पदमुक्त गरिएको छ ।

मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने राप्रपाकी महिला तर्फ समानुपातिक प्रदेशसभा सदस्य कञ्चन विच्छालाइ पदमुक्त गरिएको छ ।

मधेश प्रदेश सभा सचिवालयले शुक्रबार एक सूचना टाँस गर्दै प्रदेश सांसद विच्छालाई पदबाट हटाइएको जानकारी गराएको छ । राप्रपाले पार्टीको




नीति विपरीत क्रियाकलाप गरेको आरोप लगाउँदै छ महिना साधारण सदस्यबाट नै निलम्बन गरेको थियो ।

त्यसको आधारमा केन्द्रीय कार्यसम्पादन समितिको निर्णय अनुसार विच्छालाई प्रदेश सांसदबाट निष्कासन गरिएको र सो सम्बन्धी पत्र प्रदेशसभा सचिवालयमा पुगेको सूचना जारी गरिएको छ ।

प्रदेशसभा सचिवालयले प्राप्त पत्र अनुसार, "राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३४ बमोजिम निलम्बित सदस्यलाई प्रदेशसभा सदस्यबाट निष्कासन गरिएको र आवश्यक कारबाहीका लागि अनुरोध गरिएको" जनाएको छ ।

यसका आधारमा प्रदेशसभा सचिवालयले बिच्छालाइ प्रदेशसभा सदस्य सूचीबाट हटाइएको जानकारी सार्वजनिक गरेको छ । सचिवालयले राजनीतिक दलसम्बन्धी ऐन, प्रदेशसभा सञ्चालन नियमावली २०७५ को १९० तथा सम्बन्धित कानुनी व्यवस्थाअनुसार सूचना सार्वजनिक गरेको जनाएको छ ।


सांसद विच्छाले पार्टीको नीति विपरीत नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीका लागि समर्थन गरेकी थिइन् । उनलाई पार्टीले पटकपटक चेतावनी दिँदै स्पष्टीकरणसमेत सोधेको थियो । तर पनि उनले बेवास्ता गर्दै निवर्तमान मुख्यमन्त्री सरोजकुमार यादवलाई समर्थन गर्दै मन्त्री बनेकी थिइन् । उनी वन तथा वातावरण मन्त्री थिइन् ।

# गाउँ र सिंहदरबार जोड्ने 'गाउँगाउँमा सिंहदरबार'

काठमाण्डु । नेपालको संविधान जारी भएपछि स्थानीय तहलाई स्थानीय सरकार भनिएको छ । यसअघि स्थानीय तहलाई स्थानीय निकाय भन्ने गरिन्थ्यो । शब्दमा फरक भए पनि उनीहरुको जिम्मेवारी भनैं उस्तै छ । हिजोको स्थानीय निकायको क्षेत्र सानो थियो भनैं आज त्यसको आकार बढेर ठूलो भएको छ । हिजोका गाउँ विकास समिति ९गाविस० अहिले वडामा परिणत भएका छन् । त्यसैले पनि कसैकसैले आफू गाविस अध्यक्षसरह नै भएको भन्न पनि पछि परेका छैनन् । हिजोको दिनमा सिंहदरबारमा भएको अधिकार अहिले गाउँगाउँसम्म पुगेको मान्यता स्थापित गर्न पनि गाउँगाउँमा सिंहदरबारको नारा लगाइएको छ । कतिपय अवस्थामा यो सार्थक छ कि छैन भन्ने कुरा पनि छलफलको विषय बनेको छ ।

समग्र मिडिया प्रालिले हालै ' गाउँगाउँमा सिंहदरबार' पुस्तक प्रकाशनमा ल्याएको छ । सरकारले सिंहदरबारलाई गाउँगाउँमा पुऱ्याएको भनिरहेका बेला मिडिया प्रालिकोतर्फबाट पत्रकार अप्सरा गौतमद्वारा सम्पादित यस पुस्तकले साँच्चै नै सिंहदरबार गाउँगाउँमा पुगेको झल्को दिएको छ । पुस्तकले गाउँ र सिंहदरबारको सम्बन्धलाई जोड्ने काम गरेको छ भन्न सकिन्छ । जनताले गुनासो गर्ने बेलामा सिंहदरबारको अधिकार गाउँगाउँमा गए पनि भ्रष्टाचार र अनियमितता पनि सँगसँगै गएको भनेर आलोचना गर्नेको सङ्ख्या पनि कम छैन ।




यो पुस्तकले पनि स्थानीय सरकारका गुनासा, सम्भावना र चुनौतीलाई समेटेको छ । सिंहदरबारबाट स्थानीय सरकार चलाउने मन्त्री, प्रदेशका मुख्यमन्त्री, प्रदेशका सभामुख, प्रदेश प्रमुखसँगै स्थानीय तहका बहालवाला प्रतिनिधि र निवर्तमान प्रतिनिधिहरुको आ-आफ्नो अनुभव सँगालिएको यस पुस्तकले सङ्घीयता र स्थानीय तहलाई थोरै भए पनि बलियो बनाउने प्रयास गरेको छ भन्न सकिन्छ ।

पुस्तकको भूमिकामा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा पुष्पराज कँडेलले लेख्नुभएको छ, "हिजोका स्थानीय निकायहरु पनि बलिया थिए तर सङ्घ सरकारप्रति उत्तरदायी हुनुपर्ने थियो, स्थानीय सरकारहरुले संविधानले दिएको दायित्वलाई राम्रोसँग निर्वाह गर्ने सुशासन र समन्वयको पाटोलाई ध्यान दिनुपर्छ, निजी कुराभन्दा पनि आमजनताका हित र प्राथमिकतामा राखिएका विषयलाई ध्यान दिनुपर्दछ ।" कँडेलले स्थानीय सरकारले जनताको हितलाई केन्द्रमा राखेर काम गर्न सुझाव दिएका छन् । उनले स्थानीय तहका प्रतिनिधिले निजी स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने बताएका छन् ।

स्थानीय तहविज्ञ बालानन्द पौडेलले पनि पुस्तकका बारेमा लेख्नुभएको छ- "वडाध्यक्ष कार्यपालिका सदस्य हुने वडासदस्य र वडाध्यक्ष सभामा सहभागी हुने कार्यकारिणी अधिकार प्रयोग गर्ने र कानुन बनाउने ठाउँमा पनि वडाको प्रतिनिधित्व हुने भएकाले वडालाई योजना इकाइभन्दा पनि त्यसको कार्यान्वयनको इकाइ बनाइनुपर्दछ, अहिले विकास योजनाको मोडल अलिकति परिवर्तन गर्नुपर्ने देखिन्छ, संविधाननिर्माताले स्थानीय सरकारप्रति धेरै भरोसा गरेको देखिन्छ ।" उहाँले संविधान बनाउँदा स्थानीय तहलाई अधिकार बढी दिएको पनि उल्लेख गर्नुभएको छ ।

स्थानीय तह र सङ्घीयताकाबारेमा राष्ट्रियसभाका पूर्वसांसद तथा सङ्घीयताविज्ञ खिमलाल देवकोटाको भनाइ यस्तो छ, "स्थानीय तह लोकतन्त्रका आधारस्तम्भ हो, जनतासँग निकटताका कारण स्थानीय तहलाई स्थानीय सरकार पनि भन्ने गरिन्छ, जनताको घरदैलोसम्म राज्यप्रदत्त सेवा सुविधाहरु पुऱ्याउने काम स्थानीय सरकारले गर्छ, जनताको प्रत्यक्ष निगरानी र नियन्त्रणमा स्थानीय सरकार हुन्छन्, संविधानले स्थानीय तहलाई अधिकारसम्पन्न बनाएको छ, स्थानीय तहका अधिकारहरु संविधानको अनुसूचीमा छ ।" ९पृष्ठ १११० देवकोटाले भने झैं स्थानीय तहले नागरिकलाई घरदैलोसम्म सेवा दिने भएकाले पनि स्थानीय तह त्यहाँको सरकार नै हो । सिंहदरबारमा रहेको केन्द्रीय सरकारले मात्र त्यहाँका वडालाई हेर्न नसक्ने र त्यहाँ के-के असुविधा छ भन्ने कुरा बुझ्न नसक्ने भएकाले पनि त्यहाँको समस्यालाई सके त्यहीँ समाधान गर्ने नसके केन्द्रीय सरकारमा ल्याएर समाधानको पहल गर्ने काम पनि स्थानीय सरकारले नै गर्छ ।

विभिन्न विज्ञहरुका ३२ वटा लेख र प्रदेशको चिनारीसँगै त्यहाँका जिल्ला र स्थानीय तहको नाम पनि समेटेर तयार पारिएको पुस्तक ३ सय १२ पेजमा सङ्ग्रहित छ । प्रकाशकीयमा सम्पादक गौतमले भन्नुभएको छ, "स्थानीय तह नै नेपाली जनताको विकासको मूल आधारक्षेत्र भएको हुँदा हामीले पुस्तकमा स्थानीय तहसँग सम्बन्धित गुनासा, समस्या, सम्भावना, नीतिनिर्माण, योजना, बजेट, रोजगारी, सुझावलगायतका विविध सामग्री प्रस्तुत गरेका छौँ ।" पुस्तकमा तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, मधेस र कर्णाली प्रदेशबाहेकका अन्य प्रदेशका मुख्यमन्त्री, मधेस प्रदेशका सभामुख, कर्णाली प्रदेशका प्रदेश प्रमुखको लेखसमेत समेटिएकाले पनि पुस्तकलाई विविधता दिन खोजिएको छ । सरकार सञ्चालकका साथै संविधान कार्यान्वयन गर्नेकोसमेत विचार समेटिनुले पनि उनीहरुको बुझाइ र भनाइ के रहेछ भन्ने पुस्तक पढिसकेपछि सजिलै बुझ्न सकिन्छ ।

पुस्तकमा व्यक्त विचारहरुले स्थानीय वा जुनसुकै सरकारमा निर्वाचित भएर आइसकेपछि ती प्रतिनिधिले पार्टीभन्दा माथि उठेर काम गर्नुपर्दछ, घरदैलोदेखि सिंहदरबार चलाउनेहरुसम्मको मनमस्तिष्कमा आपसी समन्वयमा केही गरौँ भन्ने भावनाको विकास हुनुपर्ने देखिन्छ । सबै मिलेर देशमै रोजगारीको अवसरहरु सिर्जना गर्न सकेमा विदेशमा गएका युवाहरु पनि मैरै देश फर्किंदा मेरो भविष्यको ग्यारेण्टी छ र म भविष्य नेपालमै बिताउन सक्छु भन्ने अनुभूति गर्ने वातावरण बन्न सक्ने छ, सत्तामा पुग्नेले निरासा मात्रै बाँडिदिने परिस्थितिले यहाँ भविष्य छैन भनेर भौँतारिएका नागरिकका कारण केही वर्षपछि मुलुक ज्येष्ठ नागरिक केन्द्रजस्तो नबनोस् भन्नेमा सबैले ध्यान दिन आवश्यक रहेको कुरामा जोड दिइएको छ ।

विकेन्द्रित शासन प्रणालीमा गाउँगाउँमा सरकारको प्रतिनिधि विकास बजेटहरु पुगेका छन्, यति राम्रो प्रणालीलाई फेरि नारा लगाएर फेर्ने कुरा गर्नु गलत हो । अब जतिसक्दो स्थानीय तहलाई बलियो बनाउने, विकास बजेटलाई वास्तविक ठाउँमा पु-याउने, बजेट कार्यक्रमलाई नेतामुखी नबनाउने र सिफारिसको भरमा बजेट गाउँमा लैजाने कामको अन्त्य हुनुपर्ने तथ्यलाई उजागर गराउन खोजिएको छ ।

नेपाल सरकारका पूर्वसचिव कृष्णहरि बाँस्कोटाको लेखमा युवा रोजगारी र उद्यमशीलता विकासमा लगानी गर्नुपर्नेमा जोड दिइएको छ । अब पालिकाहरुले पालिकाले उत्पादनमा अभियान नै चलाउनुपर्ने र त्यस्ता अभियानलाई पालिकाले प्रोत्साहन गर्नुपर्ने खाँचो छ ।

पुस्तकको बाहिरी गातामा नै सिंहदरबारको साङ्केतिक चित्र देखाइएकाले पनि यो पुस्तकको नामसँग प्रस्तुत गरिएका सामग्रीले सार्थकता पाएका छन् भन्न सकिन्छ । स्थानीय तहको कुरा मात्रै नगरी सङ्घीय सरकारका साथै प्रदेश सरकारलाई पनि जोडेर पुस्तकमा प्रस्तुत गरिएका विचारले प्रत्येक नागरिकलाई सन्देशसँगै जानकारी दिने साधन बनेको छ यो ' गाउँगाउँमा सिंहदरबार' ।रासस

# प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र, यस्तो छ कार्यतालिका




काठमाण्डु । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति आउन अब ९० दिन बाँकी छ । निर्वाचनको दिन नजिकिँदै जाँदा निर्वाचन आयोगले आवश्यक तयारीलाई तीव्र पारेको छ । राजनीतिक दलहरूले पनि निर्वाचनलाई केन्द्रमा राखेर आन्तरिक तयारी तीव्र पारेका छन् ।

आयोगलेनिर्वाचनकार्यक्रमअन्तर्गत शनिबारदेखि नै समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम सञ्चालन गर्ने भएको छ । सो कार्यक्रमअनुसार यही मङ्सिर २१ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म समानुपातिक निर्वाचन प्रणालीका लागि राजनीतिक दलले आवेदन दिने समयसीमा निर्धारण गरेको छ । समानुपातिकतर्फको निर्वाचनका लागि आवेदन दिएका राजनीतिक दलको सूची भने यही मङ्सिर २४ गते प्रकाशित हुनेछ ।

यसरी आवेदन दिएका राजनीतिक दलले आगामी पुस १३ र १४ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा निर्धारण गरिएको छ । यस्तै, आगामी माघ ३० गते भने समानुपातिकतर्फको उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशित हुने कार्यक्रम तय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

प्रत्यक्षतर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ । सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने अवधि तोकिएको छ ।आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् । सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ ।रासस

# मस्तिष्कघातको अध्ययन, अनुसन्धानमा जोड



काठमाण्डु । सरोकार भएकाहरूले नेपालमा मस्तिष्कघातको अध्ययन अनुसन्धानका विषयमा गम्भीर बन्नुपर्नेमा जोड दिएका छन् ।

नेपाल मस्तिष्कघात सङ्घद्वारा शुक्रबार आयोजित ' मस्तिष्कघातको वर्तमान अवस्था र आगामी दिनमा चाल्नुपर्ने कदम' सम्बन्धी कार्यशालामा सहभागीले अनसन्धान त्यसका निष्कर्षको कार्यान्वयनमा जोड दिएका हुन् ।

सङ्घका निवर्तमान अध्यक्ष डा राजु पौडेलले मस्तिष्कघात हुन नदिने उपाय, भइहालेमा समयमै उपचार र उपचारपछिको अपनाउनुपर्ने सावधानीलगायत विषयमा छलफल भएको बताउनुभयो ।

"समयको परिवर्तनसँगै परम्परागत उपचार विधिलाई कसरी आधुनिकतर्फ लैजान सकिन्छ, नेपालका सन्दर्भमा यसको उपचारलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे कार्यशालामा छलफल भएको छ", उहाँले भन्नुभयो,"सङ्घले नेपालमा मस्तिष्कघातको उपचारबारे निर्देशिका तयार गरी सरकारलाई बुझाइसकेको छ । त्यसको कार्यान्वयनका विषयमा पनि छलफल भएको छ ।"

नेपालमा प्रत्येक १० मिनेटमा एक जनालाई मस्तिष्कघात हुने गरेको तथ्याङ्क छ । सङ्घले गरेको अध्ययनमा प्रत्येक वर्ष नेपालमा मस्तिष्कघातका कारण ५० हजारदेखि ६० हजार मानिस प्रभावित हुने र १० मिनेटमा एक जनालाई मस्तिष्कघात हुने गरेको हो ।

एक जटिल शारीरिक अवस्थाका रूपमा रहेको मस्तिष्कघात मस्तिष्कको कुनै भागमा रक्तसञ्चार नभएमा हुने गर्दछ । मस्तिष्कमा अक्सिजन तथा पोषक तत्वको कमी भएमा रक्त धमनीमा रगत जम्मा भएर अवरोध हुँदा मस्तिष्कले आफ्नो नियन्त्रण गुमाउँछ । यसलाई नै ' मस्तिष्कघात' भनिन्छ । समयमै यसको उपचार नगरे मस्तिष्क सधैँका लागि खराब हुनाका साथै व्यक्तिको मृत्युसमेत हुनसक्ने चिकित्सकले बताएका छन् ।

वरिष्ठ न्युरोलोजिष्ट डा लेखजङ्ग थापाले नेपालमा मस्तिष्कघातको वर्तमान अवस्था र त्यसको उपचारका लागि गरिने उपायको खोजी गर्न सन् २०१७ मा नेपाल मस्तिष्कघात सङ्घ स्थापना गरी विभिन्न कार्यक्रम गरिँदै आएको बताउनुभयो । सङ्घले हालै विश्वका विभिन्न देशका पाँच सयभन्दा बढी चिकित्सक तथा स्वास्थ्यकर्मीको उपस्थितिमा 'हिमालय अन्तरराष्ट्रिय मस्तिष्कघात सम्मेलन' आयोजना गरिसकेको उहाँले बताउनुभयो ।

मस्तिष्कघात भएकामध्ये एक तिहाइले अकालमा ज्यान गुमाउनुपरेको भन्दै यसलाई भयावह हुन नदिन सरकारले विशेष ध्यान दिनुपर्ने सहभागीले बताएका छन् । विश्वमा हरेक चार जनामा एक जनालाई र तीन सेकेन्डमा एक जनालाई पक्षघातको सम्भावना हुने भएकाले यसबाट सजग हुनुपर्ने बताइएको छ ।रासस

**माइग्रेशन हरायो**

निम्न लिखित व्यहोराको माइग्रेशन रेल्वे स्टेशनबाट भानु चोक जाने क्रममा मिति २०८२।७।१० गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ ।

**नाम : जिना कुमारी मण्डल**
**सिम्बोल नं.: २१७०१६४६/०८१**
**रजिष्ट्रेशन नं.: ८०२१७०११०५३५**
**ठेगाना: शहिदनगर न.पा.-६, धनुषा**
**मो.नं. ९७०२५९५७४०**

# कामपाले थाल्यो जीवनशैलीसम्बन्धी सर्वेक्षण

काठमाण्डुकाठमाडौंमहानगरपालिकाले जनप्रतिनिधि र कर्मचारीहरूको पोषण अवस्था, आहारव्यवहार र जीवनशैलीसम्बन्धी सर्वेक्षण सुरु गरेको छ । कामपाको कृषि तथा पशुपन्छी विभागले यही मङ्सिर १६ गतेदेखि उक्त कार्यक्रम सुरु गरेको हो ।

कार्यक्रम यही मङ्सिर २६ गतेसम्म सञ्चालन हुनेछ । यसमा २१ गतेसम्म कर्मचारी, २२ गते कर्मचारी र जनप्रतिनिधि तथा २३, २४ र २५ गते जनप्रतिनिधिका लागि समय विभाजन गरिएको छ । छुटेका सबैलाई २६ गते सहभागी गराउने कार्यक्रम रहेको विभागका प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिनुभयो ।


सहरी जीवन क्रमशः निष्क्रिय बन्दै गएको, यसैकारण मुटु, मधुमेह, क्यान्सर, श्वासप्रश्वाससहित दीर्घरोगको जोखिम उच्च रहेकाले यसबाट बच्ने उपाय खोजी गर्न सर्वेक्षण गरिएको न्यौपानेको भनाइ छ । सर्वेक्षणबाट प्राप्त हुने नतिजाले कार्यस्थलमा स्वास्थ्य प्रवर्द्धनको नीतिगत सिफारिसका लागि तथ्य प्रदान गर्ने अपेक्षा गरिएको छ ।

सर्वेक्षणमा उचाइका आधारमा तौल (बीएमआइ बडी मास इन्डेक्स) मापन, उमेर र लिङ्गका आधारमा बीआइए (बायोइलेक्ट्रिकल इम्पेन्डेन्स एनलाइसिस) गरेर 'बडीफ्याट', ' भिसेरल फ्याट इन्डेक्स', 'फ्याट फ्री मास', 'टोटल बडी वाटर'को प्रोफाइल तयार पारिन्छ । यसरी तयार पारिने प्रोफाइलमा कामको प्रकृतिअनुसारको मोटोपना, रक्तअल्पता र जीवनशैलीका सूचक पनि समावेश हुन्छन् ।

सर्वेक्षणमा जीवनशैली र आचरणअन्तर्गत शारीरिक व्यायाम, कामको तनाव, धुमपान तथा मद्यपानको आदत, सुत्ने समय, 'डिजिटल ग्याजेट'हरूमा बिताउने समय, कार्यस्थलको वातावरणसम्बन्धी विवरण सङ्कलन हुने न्यौपानेले जानकारी दिनुभयो ।

मधुमेह, हेमोग्वोविन परीक्षणबाट रक्तअल्पता जाँच गरिन्छ । खानाको रुचिका आधारमा आहार मूल्याङ्कन र खाद्य समूहको अभिलेखन गरिन्छ । सर्वेक्षणमा सहभागी 'भर्टेक्स फुड्स'का अनुसन्धान व्यवस्थापक प्रतीक निरौलाका अनुसार स्थानीयस्तरमा उत्पादन भएका खानेकुरामा प्राकृतिक तत्वहरू धेरै पाइन्छ ।रासस

# सौर्य ऊर्जाका परियोजनामा आकर्षण बढ्यो



काठमाण्डु । पछिल्ला दिनमा ऊर्जा मिश्रणको अवधारणाअन्तर्गत सौर्य ऊर्जामा लगानी गर्न चाहनेको सङ्ख्यामा बढोत्तरी भएको पाइएको छ । जलविद्युत् आयोजनाबाट वर्षाको समयमा बढी बिजुली उत्पादन हुने र हिउँदको समयमा कम उत्पादन हुने भएकाले सौर्य ऊर्जामा लगानी गर्नेको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमातहतको विद्युत् विकास विभागमा हालसम्म दुई हजार १०४ मेगावाट क्षमताका कुल ९७ आयोजनाले सर्वेक्षण अनुमति लिएका छन् ।

सरकारले ऊर्जा मिश्रणको अवधारणालाई अगाडि बढाएको तथा सौर्य ऊर्जाबाट उत्पादन हुने बिजुलीको पनि उचित मूल्य प्रदान गर्ने नीतिगत निर्णय गरेकाले यस क्षेत्रमा लगानी गर्न चाहनेको सङ्ख्यामा बढोत्तरी भएको हो । चालु आवको हालसम्म छवटा सौर्य ऊर्जा परियोजनाले सर्वेक्षण अनुमतिपत्र लिएका छन् ।

विभागका अनुसार गैरआवासीय नेपालीको लगानी रहने एनआरएन इन्फास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेडले १०० मेगावाट क्षमताको रोल्पा सौर्य विद्युत् आयोजना निर्माण गर्ने भएको छ । त्यस्तै, सोही कम्पनीले नै १५० मेगावाट क्षमताको अर्घाखाँची सौर्य विद्युत् आयोजना निर्माणका लागि सर्वेक्षण अनुमति लिएको छ ।

सिजी इर्नगो प्रालिले २५ मेगावाट क्षमताको पाल्पा डम्बक सौर्य विद्युत् आयोजना निर्माणका लागि सर्वेक्षणको अनुमति लिएको छ । यस्तै, १० मेगावाट क्षमताका विराट बर्जु सौर्य विद्युत् आयोजना, डाँगीहाट सौर्य विद्युत् आयोजना र बाडगङ्गा सौर्य विद्युत् आयोजनाले पनि सर्वेक्षण अनुमति लिएको विभागले जनाएको छ । विभागले हालसम्म १२ सौर्य विद्युत् आयोजनालाई विद्युत् उत्पादन अनुमति दिएको छ । रासस

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| **मेष :** | क्षमता प्रयोग गरी अरुलाई सजिलै प्रभावमा पारेर कामहरु लिन सकिनेछ। |
| **वृष :** | विभिन्न भौतिक सम्पत्तिहरु जोड्न सकिनेछ । |
| **मिथुन :** | सवारीसाधन तथा यात्रा गर्दा विशेष ध्यान दिनुपर्ने समय छ । |
| **कर्कट :** | हतार गर्नाले अनावश्यक विवदमा फस्नुपर्ने हुन सक्छ । |
| **सिंह :** | शत्रु तथा प्रतिस्पर्धीहरु तपाईसंग पराजित हुन सक्छन् । |
| **कन्या :** | बौद्धिक कार्यमा सहभागी हुने अवसर प्राप्त हुनेछ । |
| **तुला :** | पढाई लेखाईमा उत्कृष्ट नतिजा हात पार्दै अगाडि बढ्न सकिने समय रहेको छ। |
| **वृश्चिक :** | स्वास्थ्य सम्बन्धी समस्या आउन सक्छ। |
| **धनु :** | आज साथीभाई तथा आफन्तको सहयोग प्राप्त हुन सक्छ । |
| **मकर :** | उठ्नुपर्ने धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ। |
| **कुम्भ:** | आफन्त व्यक्तिसंग विवाद पर्ने सक्नेछ । |
| **मीन :** | राजनीतिमा लाग्नेहरुले राज्यबाट विशेष सेवा सुविधा प्राप्त गर्न सक्नेछन् । |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको जलेश्वर नगरपालिका-८ स्थित **बजराही** गाउँको  जलाशय नजिकै आहाराको खोजी गर्दै गरुड । *तस्विर : रासस*

# समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिने दलहरूलाई निवेदन दिन आह्वान



काठमाण्डु । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई निवेदन दिन आह्वान गरेको छ।

आयोगले शुक्रबार सूचना प्रकाशन गरी उक्त प्रणालीतर्फको कार्यक्रम शनिबारदेखि सुरू हुने भएकाले स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही मङ्सिर २१ गते बिहान १०:०० बजेदेखि २३ गते अपराह्न ४:०० बजेसम्म सो प्रणालीमा भाग लिन चाहने राजनीतिक दललाई निवेदन पेस गर्न आग्रह गरेको हो । आयोगले गत आइतबारदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फका लागि आयोगको कान्तिपथस्थित कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ। यस प्रणालीका लागि आयोगका सचिव महादेव पन्थलाई निर्वाचन अधिकृत तोकिएको छ।

आयोगले यही मङ्सिर २४ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म निवेदन पेस गर्ने राजनीतिक दलको नामावली प्रकाशन गर्नेछ। यसरी आवेदन दिएका राजनीतिक दलले आगामी पुस १३ र १४ गते बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा तोकिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। आगामी फागुन २१ गते हुने निर्वाचनको मिति आउन अब अब ९० दिन बाँकी छ।

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष)तर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ। सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ। उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने समय निर्धारण गरिएको छ।

आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् र सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ । आयोगले आगामी माघ ११ गतेका लागि राष्ट्रियसभाको निर्वाचनको तयारी पनि गरिरहेको छ।रासस

## विभिन्न संस्थान र निकायमा सरकारको नौ खर्ब ३० अर्ब लगानी

काठमाण्डु। गत आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारले विभिन्न १५९ सार्वजनिक संस्थान तथा निकायमा शेयर तथा ऋण लगानीका रुपमा रू नौ खर्ब ३० अर्ब ८८ करोड चार लाख ६८ हजार लगानी गरेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको ‘नेपाल सरकारको शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन’ अनुसार गत आर्थिक वर्ष २०८१/८२ सम्ममा सरकारको कूल शेयर लगानी ११६ संस्थानमा रू चार खर्ब चार अर्ब ८१ करोड ४१ लाख ५८ हजार रहेको छ। सबैभन्दा बढी शेयर लगानी रहेका संस्था नेपाल विद्युत् प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल टेलिकम, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक रहेका छन्।

त्यस्तै, गत आर्थिक वर्षसम्मको सरकारको कूल ऋण लगानी रू पाँच खर्ब २६ अर्ब छ करोड ६३ लाख १० हजार रहेको छ। त्यसमध्ये आन्तरिक स्रोतबाट रू एक खर्ब ५८ अर्ब १८ करोड २१ लाख ८४ हजार र वैदेशिक स्रोतबाट रू तीन खर्ब ६७ अर्ब ८८ करोड ४१ लाख २६ हजार रहेको कार्यालयले जनाएको छ। बढी ऋण लगानी भएका संस्थानमा नेपाल विद्युत् प्राधिकरण, काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल खानेपानी संस्थान रहेका छन्।

गत आर्थिक वर्षमा सरकारले साँवा फिर्तातर्फ रू दुई अर्ब ६२ करोड २९ लाख ९४ हजार ६९५ र ब्याज असुलीतर्फ रू पाँच अर्ब २९ करोड चार लाख ३० हजार ३५६ प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, गत आर्थिक वर्षमा मात्र शेयर लगानीतर्फ रू पाँच अर्ब ५२ करोड छ लाख ३४ हजार ५४९ र ऋण लगानीतर्फ रू ३५ अर्ब ९५ करोड ९७ लाख ८७ हजार ६९८ गरी कूल रू ४१ अर्ब ४८ करोड चार लाख २२ हजार २४७ बराबर लगानी भएको छ।

विभिन्न संस्थान र निकायमा सरकारको ठूलो लगानी भए पनि त्यसको प्रतिफल भने कमजोर देखिन्छ। ऋण तथा शेयर लगानी भएका निकायले समयमा सरकारलाई साँवाब्याज भुक्तानी नगर्दा त्यसको दायित्व क्रमशः बढ्दै गएको देखिन्छ।रासस

# बिग्रियो माटो, घट्यो उत्पादन, चिन्तित किसान

काठमाण्डु । चन्द्रागिरि नगरपालिका-६ महादेवस्थानका अमर गिरीले खेतमा जैविक मल प्रयोग गर्न छाडेको पाँच वर्ष भयो । तर, उहाँले उत्पादन बढाउने भन्दै जैविक मलको सट्टा रासायनिक मलको प्रयोग गर्दा उत्पादन झन् घट्दै गएको छ । रासायनिक मल प्रयोगको मात्राबारे जानकारी नहुँदा असन्तुलित रासायनिक मलको प्रयोगले माटो बिग्रिएर उत्पादन घट्दै भएको हो भन्ने उहाँको अनुमान छ । रासायनिक मलको प्रयोगले उत्पादनमा ह्रास आउनु र माटो बिग्रिने जाने विषयले उहाँलाई चिन्तित पनि बनाएको छ।

रासायनिक मल प्रयोगरी गरी तरकारी खेती गर्दै आउनुभएका भक्तपुर सानोथिमिका रवि डङ्गोलको पनि हरेक वर्ष तरकारी बालीको उत्पादन घट्दै गएको छ । उहाँले भन्नुभयो, “धेरै उत्पादन गर्ने भनेर रासायनिक मलको प्रयोग गरेको त उत्पादन झन् घट्दै गएको छ, यो रासायनिक मलको प्रयोयले माटो बिग्रिएर पो हो कि ?” पछिल्लो समय किसानले बालीमा जथाभावी रासायनिक मल र विषादीको प्रयोग गर्दा माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ । माटोमा अम्लियपन बढ्दै गएको छ।

किसानले अव्यवस्थित रूपमा रासायनिक मलको प्रयोग गरेकाले माटोले उत्पादकत्व गुमाउँदै गएको छ। कृषिमा भित्र्याइएको हरित क्रान्तिको दुष्प्रभाव स्वरूप माटो बिग्रने दर तीव्र गतिले बढ्दो छ। साथसाथै पहिरो तथा भू-क्षय, सहरीकरण, मरुभूमिकरण, माटोको कडापन वा चट्टानीकरण, एकल बाली खेती र माटोमा प्राङ्गारिक पदार्थको कम प्रयोगलगायत कारणले गर्दा पनि माटोको स्वास्थ्य र गुणस्तर खस्कँदै गएको छ । यसले किसानलाई नै बढी घाटा पुऱ्याएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार विभिन्न कारणले यो वर्ष कृषि उत्पादन विशेष गरी धान, उखु, तरकारी र फलफूलको उत्पादनमा करिब एक लाख २७ हजार ३८३ मेट्रिकटन घटी उत्पादन हुने देखिन्छ। मन्त्रालयको प्रतिवेदनमा भनिएको छ, ‘प्राप्त तथ्याङ्कअनुसार यो वर्ष बालीतर्फ तीन अर्ब ५४ करोड ६१ लाख चार हजार, पशुपन्छी, मत्स्य तथा घाँसखेतीतर्फ १६ करोड १५ लाख ४६ हजार, कृषि तथा पशुपन्छी पूर्वाधारतर्फ एक करोड छ लाख २५ हजार, सरकारी कार्यालयतर्फ ५८ लाख ६० हजार, जमिन कटानतर्फ तीन करोड ७१ लाख १७ हजार र बीउबिजनतर्फ दुई करोड ८१ लाख चार हजार बराबरको क्षति गरी जम्मा रु तीन अर्ब ७६ करोड १२ लाख ५२ हजार बराबरको क्षति भएको देखिन्छ। तरकारीमा सबैभन्दा बढी रु एक अर्ब २५ करोड ७१ लाख ३३ हजार ५५० बराबरको क्षति पुगेको देखिन्छ, जुन कुल प्रतिशतको ३५.४५ प्रतिशत हुन आउँछ।’

माटो विज्ञहरुले पनि अधिक मात्रामा उत्पादन बढाउने लोभमा किसानहरूले खेतबारीमा रासायनिक मल र विषादीको आवश्यकताभन्दा बढी प्रयोग गर्ने गरेकाले माटोको उर्वरा शक्ति घट्न थालेको बताउँदै आएका छन् । माटोविज्ञ जीवन सुवेदीले गाईवस्तु पाल्न छोडेपछि गोबर मल र प्राङ्गारिक मल बनाउने चलन हराउँदै जाँदा किसानले बढी उब्जाउ हुने भन्दै रासायनिक मल प्रयोग गर्दा माटो बिग्रँदै गएको र उत्पादनमा क्रमशः ह्रास आउँदै गरेको तर्क गर्नुभयो।



नेपालमा विशेषगरी बलौटे, बलौटे दुमट, दुमट, चिम्ट्याइलो र पाँगो माटो पाइन्छ । बलौटेमा बालुवाको मात्रा धेरै हुन्छ । दोमटमा बालुवा र चिम्ट्याइलो पदार्थ बराबर भएको र चिम्ट्याइलो माटोमा माटोकै मात्रा धेरै हुन्छ । चिम्ट्याइलो माटोले पानी धारण गर्ने क्षमता बढी हुन्छ । यस्तो माटोमा धानलगायत पानी धेरै चाहिने बाली लगाउन सकिन्छ। बलौटे माटोमा बालुवाको मात्रा लगभग ७० प्रतिशत वा त्योभन्दा बढी हुन्छ । यस्तो माटो खुकुलो हुने भएकाले विशेषगरी आलु, मुला, सलगमसँगै खरबुजा, लौका, फर्सीजस्ता जरे बाली लगाउनु राम्रो हुने विज्ञ बताउँछन्।

### दिवस औपचारिकतामै सीमित

डिसेम्बर ५ अर्थात् शुक्रबार ‘१२औँ विश्व माटो दिवस मनाइँदैछ । ‘स्वस्थ माटो, स्वस्थ गाउँसहर’ भन्ने मूल नारासहित नेपालमा पनि सो दिवस मनाउने तयारी गरिएको छ। तर, माटो दिवस औपचारिकतामै सीमित भएको छ । दिवसका लागि दिवस मात्रै भएको छ । तीव्र सहरीकरण तथा औद्योगिकीरणले निम्त्याएको माटो प्रदूषण लगायतका कारणबाट विश्वभर कृषियोग्य जमिन निरन्तर कम हुनाका साथै माटोको संरचना र उर्वरा शक्तिमा नकारात्मक असर परेको छ। सरकारसँग दिगो माटो व्यवस्थापनमार्फत माटोको उर्वरा शक्ति सुदृढ गरी स्वस्थ माटो भावी पुस्तालाई हस्तान्तरण गर्ने दरिलो योजना छैन। माटो उर्वरा शक्तिको दिगो व्यवस्थापनका लागि विश्वस्तरमा जनचेतना अभिवृद्धिमार्फत एकताबद्ध प्रयासका लागि यो दिवस नेपालमा दिवसका लागि दिवस भएको छ।

स्वस्थ उत्पादन प्रविधिको न्यून अवलम्बन, असन्तुलित मलखादको प्रयोग, प्राङ्गारिक मलको न्यून प्रयोग एवं कृषि रसायनको अनियन्त्रित प्रयोगका कारण माटोको गुणस्तर खस्कँदै गएको कृषि विभागका महानिर्देशन प्रकाशकुमार सन्जेलले बताउनुभयो। यसले खाद्य सुरक्षा तथा पारिस्थितिक प्रणालीमा गम्भीर चुनौती उत्पन्न गरेको उहाँको भनाइ छ। नेपालमा सन् २०१४ डिसेम्बर ५ मा काभ्रेपलाञ्चोकको पाँचखालमा घुम्ती माटो परीक्षण प्रयोगशालाबाट स्थलगत माटो परीक्षणको औपचारिक सुरुआत गरी विश्व माटो दिवस मनाउन सुरु गरियो।

तर, यो दिवस मनाउन सुरु गरेको आज ११ वर्षसम्म औपचारिकतामै सीमित छ। खाद्य तथा कृषि सङ्गठन (एएओ) को सिफारिसमा संयुक्त राष्ट्र सङ्घको ६८औँ महासभाको निर्णयानुसार सन् २०१३ डिसेम्बर ५ देखि विश्व माटो दिवस मनाउने कार्यक्रमको सुरुआत भएको हो । यस वर्षको विश्व माटो दिवस राष्ट्रियस्तरमा मनाउन कृषि विभाग, केन्द्रीय कृषि प्रयोगशाला, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र र संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन नेपालको समन्वयमा विभिन्न कार्यक्रम हुँदैछ।

> माटो विज्ञहरुले पनि अधिक मात्रामा
> उत्पादन बढाउने लोभमा किसानहरूले खेतबारीमा रासायनिक
> मल र विषादीको आवश्यकताभन्दा बढी प्रयोग गर्ने
> गरेकाले माटोको उर्वरा शक्ति घट्न थालेको
> बताउँदै आएका छन् ।

विभागका महानिर्देशक सन्जेलले माटो दिवसका अवसरमा केन्द्रीय कृषि प्रयोगशालाको समन्वयमा काभ्रेपलाञ्चोकको मण्डनदेउपुरमा विद्यार्थी र किसानहरुलाई माटो परीक्षणका लागि माटोको नमूना सङ्कलन गर्ने तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । साथै, विभागले स्वानमा माटो परीक्षण शिविर सञ्चालन गर्ने कार्यक्रम रहेको छ।

डिजिटल माटो नक्सा (डिएसएम) को तथ्याङ्कअनुसार जाँचिएको कुल माटोमध्ये करिब ५४ प्रतिशत माटो अम्लिय, करिब २९ प्रतिशत माटो तटस्थ र करिब १७ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको छ। पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लिय रहेको छ । गत वर्ष करिव ५३ प्रतिशत माटो अम्लिय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो आरीय प्रकृतिको पाइएको थियो। नेपालका अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ । करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको छ। विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङ्गारिक पदार्थको मात्रा कम छ।

गत वर्ष ३६.९ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६.७ प्रतिशत माटोमा मध्यम र १६.४ प्रतिशत माटोमा उच्च मावामा प्राङ्गारिक पदार्थ पाइएको थियो । नेपालको माटोमा औषत २.५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको छ । गत वर्ष नेपालको माटोमा औसत २.७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको थियो। नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिब १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ। देशभर करिब २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ। तराईको माटोमा हिमाल र पहाडको तुलनामा नाइट्रोजनको मात्रा कम पाइएको छ। फस्फोरसको स्तर करिब ३५ प्रतिशत माटोमा कम, २१ प्रतिशत माटोमा मध्यम र ४४ प्रतिशत माटोमा उच्च पाइएको कृषि विभागले जनाएको छ । पोटासको स्तर करिब २८ प्रतिशत माटोमा कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च रहेको देखिन्छ।

सूक्ष्म पोषक तत्वका दृष्टिले मोलिब्डेनम, जिङ्क र बोरोनको मात्रा सामान्यत्तया कम पाइएको छ । बोरोनको मात्रा विशेषगरी पूर्वी नेपालमा न्यून छ । साथै, सल्फर पनि मुख्य रूपमा तराई क्षेत्रका माटोमा कम देखिएको निर्देशन सन्जेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “नेपालको माटोको स्वास्थ्य बिग्रनाका प्रमुख कारण भनेको गोबर वा कम्पोष्ट मल, हरियो मल आदिको प्रयोग न्यून हुनु र रासायनिक मलको असन्तुलित प्रयोग हुनाका साथै विषादीको प्रयोग बढ्दै जानु हो।”

विभागका अनुसार बालीचक्रका आधारमा खेती नगरिनु, अवैज्ञानिक तरिकाबाट सघन खेती गरिनु, बाली काटिसकेपछि बाँकी रहेका अवशेषहरू जमिनबाट पूर्ण रूपमा हटाइनु वा जलाइनु, भू-क्षय निरन्तर नै भइरहनु, औद्योगिक प्रदूषणको मात्रा बढ्नु र कृषि औजार/वन्त्रको अधिकतम् प्रयोगले माटो कडा बन्दै जानुलगायत बाटो बिग्रँदै जानुको मुख्य कारणलाई लिइएको छ। ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं सहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा ह्रास आइरहेको छ।

सहरीकरण बढ्दै जाँदा खुला माटो कङ्क्रट र सडकले डाकिँदैछ, जसले माटोको पानी सोस्ने र बिरुवा उमार्ने क्षमता कम भएको छ। ग्रामीण क्षेत्रमा असन्तुलित रासायनिक मल र अत्यधिक विषादीको प्रयोग तथा अव्यवस्थित खेती एवं सहरमा अत्यधिक प्लास्टिकको प्रयोग, औद्योगिक तथा घरायसी फोहोरको कारण माटोको गुणस्तरमा हस आइरहेको छ।

माटो बिग्रिन नदिन समयसमयमा आफ्नो खेतबारीको माटोको परीक्षण गराउने, प्रयोगशालाले परीक्षणका आधारमा सिफारिस गरेको मात्रामा कृषि चुन (माटो धेरै अम्लिय भएमा), प्राङ्गारिक पदार्थ र अन्य पदार्थहरुको प्रयोग गरी उपयुक्त प्रविधिअनुसार माटो व्यवस्थापन गर्न र प्रशस्त मात्रामा प्राङ्गारिक पदार्थको उपयोग जस्तै राम्ररी पाकेको गोबर मल, कम्पोष्ट मल, हरियो मल आदिको प्रयोग गर्र्ने आवश्यक देखिन्छ। उत्पादन वृद्धिका निम्ति खेती हुने गाउँको माटो जस्तै सहरको माटो पनि मूल्यवान् छ र यसको संरक्षण एवं गुणस्तर अभिवृद्धि पनि उत्तिकै आवश्यक छ। आमजनमानसमा चेतना हुनु अपरिहार्य छ।

माटोको कडापन हटाउने वा कम गर्ने मेसिनरी र प्रविधिको प्रयोग, प्राङ्गारिक तथा अन्य पर्यावरणमैत्री खेती पद्धति आदिको प्रवर्द्धन गर्नु पनि आवश्यक देखिन्छ। माटो जाँचका आधारमा कम्तीमा बजारमा उपलब्ध युरिया, डिएपी र पोटास मल सन्तुलित मात्रामा हाल्नुपर्छ भन्ने जानकारी कृषकलाई गराउनु आवश्यक छ। कृषि वन प्रणाली, पशुपालनसहितको मिश्रित खेती प्रणालीको विस्तार, बाली विविधीकरण, कोसेबालीको खेती विस्तार वा घुसुवा बालीका रूपमा प्रयोग, छापो बालीको खेती र खाद्यतत्वको दक्षतापूर्ण उपयोग गर्ने बालीको चयन गरिनुपर्छ।रासस

# माटोको गुणस्तर सुधार तथा संरक्षणमा मन्त्री परियारको जोड

काठमाण्डु । कृषि तथा पशुपन्छी बिकासमन्त्री डा मदन परियारले माटोलाई उत्पादनको साधनका रुपमा प्रयोगसँगै त्यसको गुणस्तर सुधार तथा संरक्षण गर्नुपर्नेमा जोड दिनुभएको छ।

बाह्रौं विश्व माटो दिवसका अवसरमा शुक्रबार सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा शुभकामना ब्यक्त गर्दै सो कुरामा जोड दिनुभएको हो । “तीनवटै तहका सरकारको समन्वयमा माटो स्वास्थ्य सुधारका लागि घुम्ती माटो शिविर सञ्चालन, विषादीको समुचित प्रयोग केन्द्रित सचेतनामूलक माटो व्यवस्थापन र दिगो कृषिमा सम्झौता नगरी कृषि व्यावसायिकीकरण प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् र आगामी दिनमा यस्ता कार्यक्रमलाई थप बढावा दिइनुपर्ने आवश्यकता रहेको छ।”

संयुक्त राष्ट्र सङ्घको ६८औँ महासभाको निर्णयानुसार सन् २०१३ डिसेम्बर ५ देखि विश्व माटो दिवस मनाउन सुरुआत आएसँगै नेपालमा विसं २०७२ देखि विश्व माटो विवस मनाइँदै आएको छ । मन्त्री परियारले भन्नुभएको छ, “माटो कृषि उत्पादनको प्रमुख माध्यम हो, साथै,



पृथ्वीलाई जीवन्त राखी सम्पूर्ण पारिस्थितिक प्रणाली सन्तुलनमा राख्न माटोको महत्वपूर्ण भूमिका रहेको छ, तथापि, सघन खेतीसँगै बढ्दो रासायनिक मल तथा विषादीको प्रयोगका कारण माटोको भौतिक, रासायनिक र जैविक गुणमा नकारात्मक असर परेको छ।”

योसँगै अव्यवस्थित सहरीकरण, पूर्वाधार निर्माण एवं औद्योगिकीकरणका कारण माटोमा पानी सोस्ने क्षमतामा ह्रास आएको तथा प्रदूषण वृद्धि भएको उहाँको भनाइ छ । त्यसबाट उत्पादन र उत्पादकत्वमा ह्रास आउनाका साथै ग्रामीण तथा सहरी वातावरणीय सन्तुलनमा समेत गम्भीर चुनौती सृजना हुने उहाँले बताउनुभएको छ । खेती धेरै हुने गाउँको माटो जस्तै सहरको माटो समेत स्वस्थ हुनु पर्यावरणीय दृष्टिकोणले उत्तिकै महत्वपूर्ण छ। गाउँको माटो उत्पादनको स्रोत हो र सहरको माटो हरियाली कायम राख्ने, तापक्रम कम गर्ने र कार्बन भण्डारण गर्ने साधन हो, समग्र पर्यावरणीय सन्तुलनका लागि गाउँ र सहरको माटो एकापसमा अन्तरसम्बन्धित रहेका छन्”, सन्देशमा भनिएको छ।रासस

# प्रतिनिधिसभा निर्वाचनका लागि अब ९० दिन बाँकी




काठमाण्डु । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अब ९० दिन बाँकी रहेको छ । नेपाल सरकार र निर्वाचन आयोग र सम्बद्ध निकायले निर्वाचनका लागि आवश्यक तयारीलाई जारी राखेका छन् । शुक्रबारैमात्र प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक दल, आयोगसहितसँग सर्वपक्षीय छलफलआयोजनागर्नुभएकोछभने आयोगले शुक्रबारै समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई निवेदन दिन आह्वान गरेको छ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि विकसित घटनाक्रममा भदौ २७ गते पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा अन्तरिक सरकार गठन भई प्रतिनिधिसभाको विघटन भएको थियो।

सरकारले निर्वाचन सम्पन्न गर्ने कामलाई एक मुख्य कार्यभारका रूपमा लिएको छ।

यसअघि गत मङ्सिर १४ गतेसम्ममा निर्वाचनमा भाग लिने एक सय २० राजनीतिक दलले आयोगमा निवेदन दिइसकेका छन् । यही मङ्सिर १ गतेदेखि १० गतेसम्मका लागि निवेदन दिने समय दिइएकामा नयाँ दल सरोकारवालाको सुझावका आधारमा चार दिन समय थप गरी उक्त सङ्ख्याका दलले निर्वाचन प्रयोजनाका लागि निवेदन दिएका हुन्।

निर्वाचनको वातावरण तयार भइनसकेको र संसद् पुनःस्थापनाको माग गर्दै आएको दल नेकपा (एमाले) लगायत प्रमुख दल र नयाँ दलले आयोगमा निवेदन दिएका छन् । आयोगले सो अघि खुला गरेको मतदाना नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा आठ लाख नयाँ मतदाता थपिएका छन् । ती नयाँ मतदाताको आयोगले आवश्यक जाँचबुझ गरिरहेको छ।

निर्वाचनका लागि आयोगले करिब रु सात अर्ब बजेट माग गरेकामा अर्थ मन्त्रालयले रु पाँच अर्ब ९६ करोड स्रोत सुनिश्चित गरिसकेको छभने सरकार र आयोगको परामर्शमा एकीकृत निर्वाचन सुरक्षा योजना लागू भइसकेको छ । आयोगले निर्वाचनका लागि आवश्यक सामग्री र उपकरण खरिद प्रारम्भ गरिसकेको छभने राष्ट्रिय र अन्तरराष्ट्रिय पर्यवेक्षण गर्ने संस्थाहरूलाई आवेदन माग गरेको छ । निर्वाचनमा विदेशमा रहेका मतदाताको मताधिकार र अन्तरजिल्ला मतदानबारे अध्यादेशबाट कानुन संशोधनको कार्य निर्णय हुन बाँकी रहेको छ।

आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले आज सूचना प्रकाशन गरी उक्त प्रणालीतर्फको कार्यक्रम शनिबारदेखि सुरु हुने भएकाले स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही मङ्सिर २१ गते बिहान १०:०० बजेदेखि २३ गते अपराह्न ४:०० बजेसम्म सो प्रणालीमा भाग लिन चाहने राजनीतिक दललाई निवेदन पेस आग्रह गरेको छ।

आयोगले गत आइतबारदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फका लागि आयोगको कान्तिपथस्थित कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ । यस प्रणालीका लागि आयोगका सचिव माहादेव पन्थलाई निर्वाचन अधिकृत तोकिएको छ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ । सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने समय निर्धारण गरिएको छ।

आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् र सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ । आयोगले आगामी माघ ११ गतेका लागि राष्ट्रियसभाको निर्वाचनको तयारी पनि गरिरहेको छ।

आयोगले निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिताको प्रारम्भिक मस्यौदा तयारी गरी सुझाव मागेको छभने सुझाव समेटेर आगामी माघको पहिलो साता जारी गर्ने तयारी गरेको छ। आयोग र सरकारबीच मतदानस्थल र केन्द्रका पुनः मूल्याङ्कनपछि म्यादी प्रहरी (निर्वाचन सुरक्षा प्रहरी)को भर्ना प्रक्रिया सुरु गर्ने तयारी भएको छ । यी तयारीसँगै आयोगले मतदाता शिक्षा, सूचना सम्प्रेषण, प्रेस अफिस तथा मल सेन्टरको सञ्चालनलगायतका काम गर्नेछ ।रासस

## मुख्यमन्त्रीद्वारा मानव सेवा आश्रम सुर्खेतको भवन शिलन्यास

कर्णाली । कर्णाली प्रदेशको राजधानी सहर सुर्खेत वीरेन्द्रनगरमा मानव सेवा आश्रमको भवन निर्माण शिलान्यास गरिएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले धार्मिक वन रहेको वीरेन्द्रनगर नगरपालिका-११ स्थित चारकुने क्षेत्रमा उक्त भवन शिलान्यास गर्नुभएको हो ।

सो अवसरमा मुख्यमन्त्री कँडेलले मानवसेवा आश्रम चारकुने क्षेत्रको पहिचान देशभरमा जोडिने हुँदा समुदायिक सहभागिता र सहयोगका लागि आग्रह गर्नुभयो । उहाँले मानव सेवास्थल निर्माणले सामाजिक सद्भाव र एकता कायम हुने विश्वास व्यक्त गर्नुभयो ।

"वीरेन्द्रनगर चक्रपथ निर्माणको काम प्रक्रियामा रहेको छ र थप कार्यका लाग मैले नियमित पहल गरिरहेको छु", उहाँले भन्नुभयो, "आश्रमको भवन निर्माणकार्य गुणस्तरीय र निश्चित समयमै सम्पन्न गर्न सम्बद्ध पक्षलाई आग्रह गर्दछु । भवन निर्माणका लागि प्रदेश सरकारको तर्फबाट आवश्यक सहयोग गर्न प्रतिबद्ध छु ।"

सामाजिक विकासमन्त्री भण्डारीले कर्णालीलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको स्मरण गर्दै कर्णालीको भूगोलअनुरूप अन्य जिल्लामा समेत आश्रम निर्माण गरिने बताउनुभयो। सरकारी घोषणालाई कार्यान्वयन गर्न सबैको उत्तिकै भूमिका रहेको भन्दै उहाँले मानवता प्रवर्द्धन र सेवाका निम्ति प्रदेश सरकारले भवन निर्माणजस्ता पूर्वाधार संरचनाका कार्यलाई पनि प्राथमिकतामा राखेको जनाउनुभयो।

मानव सेवा आश्रम कर्णाली विकास समिति संयोजक डा नवराज केसीले भवन निर्माणका लागि महायज्ञमार्फत दान सङ्कलन गरिएको जनाउँदै यसको सही सदुपयोगका लागि सबैको सहकार्य र एकता आवश्यक रहेको बताउनुभयो । आश्रमको भवन निर्माणकार्य निर्धारिता मितिमै सम्पन्न गर्न सरोकारवालाहरूलाई उहाँले सहयोग गर्न अपिल गर्नुभयो ।

भवन निर्माणस्थल नजिकैको क्षेत्रमा धार्मिक पार्क निर्माण गरिदिन मुख्यमन्त्री र मन्त्रीलाई आग्रह गर्दै उहाँले ज्येष्ठ नागरिकका लागि सामुदायिक भावनासहितको मनोरञ्जनात्मकस्थलका रूपमा विकास गर्न सकिने सम्भावना रहेको संयोजक डा केसीको भनाइ थियो। उक्त कार्यक्रममा मानव सेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले प्रदेश सरकारको सहयोगले सहयोगापेक्षी सडक मानव र मानवता प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो।

प्रदेश सरकारबाट निर्माण हुने प्रदेश उक्त भवनको लागत अनुमान रु दुई करोड ५० लाख रहेको छ। जसअन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा कर्णाली प्रदेश सरकारबाट रु एक करोड ५० लाख बजेट विनियोजन गरिएको मानव सेवा आश्रम कर्णाली प्रदेश सुर्खेतले जनाएको छ ।रासस

## भेदभावमुक्त समाज निर्माणका लागि निरन्तर लागिरहनुपर्छः प्रधानमन्त्री कार्की

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले सामाजिक न्याय र भेदभावमुक्त समाज निर्माणका लागि निरन्तर लागिरहनुपर्ने बताउनुभएको छ ।

हाम्रो पार्टी नेपालका प्रतिनिधिसँग शुक्रबार सिंहदरबारमा भएको भेटका क्रममा उहाँले समाजमा पैसा र शक्तिको प्रभाव हुनेहरूले मात्र चुनाव जित्ने अवस्था आउन नदिन देशव्यापी रूपमा जनजागरण ल्याउन पनि सुझाव पार्टी नेपालका अध्यक्ष खगेन्द्र सुनार नेतृत्वको टोलीले निर्वाचन कानुनमा दलितमैत्री व्यवस्थाका लागि आग्रह गरेको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फ विद्यमान व्यवस्थाले खस-आर्य समुदायलाई नै पहिलो प्राथमिकतामा राखेकाले दलित समुदायको उचित प्रतिनिधि हुन नसकेकोबारे आफ्नो मत प्रधानमन्त्रीलाई राखेको अध्यक्ष सुनारले बताउनुभयो ।



दिनुभयो ।

प्रधानमन्त्री कार्कीले सरकारले पाएको कार्यादेशभित्र रहेर दलित तथा उत्पीडित समुदायको अधिकतम प्रतिनिधित्व कसरी हुनसक्छ भनेर आफूले पनि प्रयास गर्ने बताउनुभयो । हाम्रो

यसअघि आफ्नो निजी कारणले प्रधानमन्त्रीले आलोचना खेप्नुपरेको भन्दै क्षमायाचनासमेत गर्दै उहाँले विषम परिस्थितिमा मुलुक सम्हाल्न अगाडि सरेकामा प्रधानमन्त्री कार्कीप्रति आभार पनि व्यक्त गर्नुभयो ।रासस

## एमालेको महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्छः उपाध्यक्ष थापा



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष रामबहादुर थापा 'बादल' ले पार्टीको आसन्न ११औँ महाधिवेशनलाई एकताको राष्ट्रिय महाधिवेशनका रुपमा सफल बनाउनुपर्ने बताउनुभएको छ ।

प्रेस चौतारी नेपालद्वारा शुक्रबार आयोजित संवाद कार्यक्रममा उपाध्यक्ष थापाले अहिलेको विषम राजनीतिक परिवेशमा नेतृत्वका लागि प्रतिस्पर्धा गर्न थालिए पार्टी पङ्क्तमा गुटउपगुटको अवस्था सिर्जना हुनसक्ने आशङ्का व्यक्त गर्दै आसन्न महाधिवेशनलाई एकताको महाधिवेशन बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले जेनजी आन्दोलनपछि मुलुकमा विकसित राजनीतिक घटनाक्रमका बीच हुन गइरहेको आसन्न महाधिवेशनबाट वर्तमान अध्यक्ष केपी शर्मा ओलीले नै निरन्तरता पाउनुपर्ने पक्षमा आफू रहेको स्पष्ट गर्नुभयो । "देश र पार्टीका लागि अहिले अध्यक्ष ओलीकै नेतृत्व, विचार र क्षमता आवश्यक छ। कम्युनिष्ट आन्दोलनलाई मूलधारमा स्थापित गर्न अध्यक्ष ओलीको भूमिका रहेको छ। नेपाली कम्युनिष्ट पार्टीमा लागेकाहरु पनि एमालेकै मूलधारमा आउनुपर्छ। त्यसो हुन सकेमा आन्दोलन थप प्रभावकारी हुन्छ," उपाध्यक्ष थापाको भनाइ थियो।

एमालेको ११औँ राष्ट्रिय महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदैछ ।रासस

# आध्यात्मिक जीवनशैली उपयोगी हुन्छः स्वास्थ्यमन्त्री डा गौतम




काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतमले पछिल्लो समय मानसिक स्वास्थ्यको जोखिम बढ्दै गएकाले यसको न्यूनीकरणका लागि मनोपरामर्शसँगै आध्यात्मिक जीवनपद्धतिमा जोड दिनुपर्ने बताउनुभएको छ।

तरङ्गीनिफाउण्डेशनलेशुक्रबारदेखि काठमाडौँमा आयोजना गरेको दुईदिने 'नेशनल कम्युनिटी मेन्टल हेल्थ कन्फ्रेन्स' मा उहाँले विज्ञ चिकित्सकको परामर्शसँगै दैनिक जीवनमा योग र ध्यानमा जोड दिनुपर्ने सुझाव दिनुभयो । मन्त्री डा गौतमले मानसिक स्वास्थ्य समस्याकै कारण हरेक वर्ष सात हजार व्यक्तिले आत्महत्या गर्ने गरेको तथ्याङ्क पेस गर्दै यसको न्यूनीकरणका लागि सरकार, समुदाय र परिवार सँगसँगै अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "तनाव, बेचैनी, एक्लोपन र आफ्नो भावना अभिव्यक्त गर्ने उपयुक्त वातावरण नहुँदा मानिसहरूमा आत्मविश्वास घट्दै गएको छ । आत्मविश्वास नभएपछि जुनसुकै गलत कदम उठाउने जोखिम हुन्छ", उहाँले भन्नुभयो,"त्यसैकारण सकारात्मक सोचको वृद्धि गर्न सबैको भूमिका अपरिहार्य छ । सरकारले आफू मातहतका निकाय, अस्पतालमार्फत सरल र सहज सेवा प्रवाह, नीतिगत सुधारमार्फत काम गर्न खोजिरहेको छ । अरु सरोकार भएकाहरुले पनि यस विषयलाई गम्भिरतापूर्वक लिएर काम गर्न आवश्यक छ।"

मन्त्री डा गौतमले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर व्यवस्थापकीय र नीतिगत सुधारको काममा लागिरहेको उल्लेख गर्नुभयो । त्यसका लागि मातहतका स्वास्थ्य संस्थामा मनोपरामर्श सहायता कक्ष, 'टेलिभेडिसिन' सेवामार्फत विदेशमा रहेका श्रमिकहरूलाई पनि परामर्श दिने र स्वास्थ्य नीतिअनुसारका काम तथा सुधारमा आफू लागिरहेको उहाँले जानकारी दिनुभयो ।

"नेपालमा पछिल्लो समय थुप्रै मनोपरामर्श सेवा दिने व्यक्ति तथा संस्थाहरू छन् । विभिन्न शैक्षिक संस्थाले दक्ष जनशक्ति पनि उत्पादन गरिरहेका छन्, तर पर्याप्त दरबन्दी नभएकाले तिनको उपयोग गर्न सकिएको छैन । त्यसैले जनशक्ति व्यवस्थापन, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रमार्फत सचेतनामूलक सामग्रीको व्यापक प्रचार र मानसिक स्वास्थ्यमा सबैको समान र सहज पहुँच बिस्तारमा दीर्घकालीन नीतिगत काममा लागिरहेका छौँ", मन्त्री डा गौतमले भन्नुभयो।

कार्यक्रममा वरिष्ठ मनोचिकित्सक डा पुष्पराज शर्मा, मनोपरामर्शदाता सुनिता श्रेष्ठलगायतले सामुदायिक मानसिक स्वास्थ्यबारे आफ्नो धारणा राख्नुभएको थियो । दुई दिनसम्म हुने सम्मेलनमा मानसिक स्वास्थ्य समस्याका कारण, चुनौती, उपचारको अवस्था र समाधानबारे बृहत् छलफल हुने जनाइएको छ ।रासस

# सवारी चालक र सहचालकप्रति हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्छः मन्त्री गुप्ता

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले ट्राफिक प्रहरीले सवारी चालक, सहचालकप्रति हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्ने बताउनुभएको छ।

शुक्रबार उपत्यका ट्राफिक प्रहरी कार्यालयले आयोजना गरेको अन्तरराष्ट्रिय स्वयंसेवक दिवस २०८२ का अवसरमा आयोजित सडक दुर्घटना न्यूनीकरण सचेतना स्वयंसेवा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री गुप्ताले ट्राफिकप्रति हेर्ने दृष्टिकोण र ट्राफिक प्रहरीले चालक, सहचालकप्रति हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सवारी चालक र ट्राफिक प्रहरी एकअर्काप्रति सकारात्मक हुनुपर्छ । तपाईंहरु सकारात्मक भए सवारी सञ्चालनमा सहज हुन्छ । सवारी चालकले ट्राफिक प्रहरी र नेपाल प्रहरीप्रति सकारात्मक हुनुहोला ।"

यसैगरी उहाँले दुईपाङ्ग्रे सवारीसाधनका घटना बढी हुने गरेको तथ्याङ्क देखिएकाले दुईपाङ्ग्रे सवारी चालकले विशेष सावधानी अपनाउनुपर्ने बताउनुभयो । नेपाल आर्थिक हिसाबले कमजोर रहेकाले भएका स्रोतसाधनको सही उपयोग गरेर अघि बढ्नुपर्ने मन्त्री गुप्ताको भनाई थियो । सडकमा ट्राफिक लाइट जडान गर्ने, सडकलाई अझ सुरक्षित बनाउने, प्रहरीका भौतिक संरचना बढाउने विषयमा आर्थिक अवस्था कमजोर भएकाले भनेकै समयमा सबै कुरा गर्न नसकिएको मन्त्री गुप्ताले स्पष्ट पार्नु भयो ।



यसैगरी, उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्कीले आमनागरिकको साथ सहयोगबाट ट्राफिक प्रहरीसहित नेपाल प्रहरीले समुदायस्तरमा रहेका समस्या समाधान गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "हामी आमनागरिकको सेवामा खटिएका प्रहरी हौँ । हामी प्रत्येक नागरिकलाई सेवा दिन तयार छौँ।"

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं ट्राफिक वरिष्ठ उपरीक्षक नवराज अधिकारीले ट्राफिक प्रहरी सदैव नागरिकको जिउज्यानका लागि खटिकाले हामी सधैँ आमनागरिकप्रति बफादार भएर कटिबद्ध रहेको बताउनुभयो।कार्यक्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले सवारी दुर्घटना एवं ट्राफिक व्यवस्थापनबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।रासस

# कृषिमन्त्री डा परियार र राजदूत चेन सङबीच भेटवार्ता

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियार र नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत चेन सङबीच शुक्रबार द्विपक्षीय भेटवार्ता भएको छ।

त्यस क्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री डा परियारले नेपाल-चीनबीचको दीर्घकालीन मित्रता, विश्वास र सहकार्यलाई कृषि तथा पशुपन्छी विकास क्षेत्रमार्फत अझ गहिरो बनाउन प्रतिबद्धता व्यक्त गर्नु भएको उहाँको सचिवालयले जनाएको छ।

मन्त्री डा परियारले आधुनिक, दिगो र जलवायुमैत्री कृषि प्रणाली विकास, उत्पादन वृद्धि तथा द्विपक्षीय व्यापार बिस्तारका लागि



चीनको प्राविधिक, संस्थागत र व्यापारिक सहकार्य नेपालका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो। विभिन्न प्रोटोकल, अवधारणापत्र तथा सहकार्य संयन्त्रहरूको प्रभावकारी कार्यान्वयनका लागि दुवै देशबीच निरन्तर संवाद र साझेदारी आवश्यक रहेको पनि उहाँले बताउनुभयो।

मन्त्री डा परियारले नेपाल-चीन कृषि सहकार्यले नेपाली कृषक, ग्रामीण अर्थतन्त्र र समग्र राष्ट्रिय विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने विश्वास नेपाल सरकारले लिएको धारणा राख्नुभयो । राजदूत सङले कृषि क्षेत्रमा गर्न सकिने सहकार्य, क्षमता अभिवृद्धि, मिश्रित मल उत्पादन, रोगमुक्त भैँसीको मासु निर्यात र कृषि प्रदर्शन पार्क स्थापनाबारे चीन सकारात्मक रहेको बताउनुभएको थियो । दुवै पक्ष प्राविधिक सहयोग, लगानी र ज्ञान आदानप्रदानको महत्त्वमा जोड दिँदै नेपालको कृषि क्षेत्र सुदृढ पार्न र दिगो विकास प्रवर्द्धन गर्न आवश्यक रहेकामा सहमत भएका छन् ।रासस

# निर्वाचन आयोगका पदाधिकारीसहितको सर्वपक्षीय बैठक बालुवाटारमा सुरु

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले आह्वान गर्नुभएको सर्वपक्षीय बैठक प्रधानमन्त्री निवास बालुवाटारमा सुरु भएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनबारे छलफल गर्न प्रधानमन्त्री कार्कीले बैठक आह्वान गर्नुभएको हो ।

बैठकमा निर्वाचन तयारी, सुरक्षा व्यवस्था र निर्वाचन वातावरणका विषयमा केन्द्रित रही छलफल भइरहेको छ ।बैठकमा नेपाल सरकारका



मन्त्रिहरु, नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लगायत राजनीतिक दलका प्रतिनिधि सहभागी रहनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बैठकमा निर्वाचन आयोग, सुरक्षा निकाय, सुरक्षा निकायका प्रमुखसमेत रहनुभएको छ ।प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य निर्वाचनलाई केन्द्रित गर्दै सरकारले सरोकारवाला पक्षसँग निरन्तर छलफल गर्दै आएको छ।

निर्वाचनका लागि आयोगले दुवै निर्वाचनको कार्यतालिका यसअघि नै सार्वजनिक गरिसकेको छ । निर्वाचनमा भाग लिन भनी आयोगमा निवेदन दिएका दलहरूले निर्वाचन केन्द्रित गतिविधि अगाडि बढाइसकेका छन् ।रासस

# भारतका खानी क्षेत्रमा सौर्य बत्तीले महिलामा आशा र आत्मनिर्भरता

एएफपी

ब्यावर । लाखौँ श्रमिक रहेको भारतको पश्चिमी राजस्थानमा धुलो, रोग र गरिबी दैनन्दिन चुनौतीजस्तै छन् । यही कठोर वातावरणबीच सन्तोष देवीजस्ता महिलाहरूले सौर्य इन्जिनियरिङ सिकेर आफ्नो घर-परिवारमा उज्यालो र आशा फिर्ता ल्याउन सफल भएका छन् । खानीमा दशकौँसम्म काम गर्दा श्वासप्रश्वास बिग्रिने पुरानो रोग सिलिकोसिस बाट उहाँका पति ओछ्यानमै परेपछि, परिवारको भविष्य बचाउन सन्तोषले हातमा नयाँ सीप लिन बाध्य हुनुभयो ।



राजस्थानका करिब ३३ हजार खानीमा अत्यधिक मात्रामा पाइने सिलिका धुलोको दीर्घसम्पर्कले उत्पन्न हुने यो रोग त्यहाँका हजारौँ परिवारको दैनन्दिन त्रास हो । आफ्ना चार सन्तानसहित बस्तै आउनुभएकी ३६ वर्षीया सन्तोष बेयरफुट कलेज, तिलोनिया, ब्यावरभन्दा दुई घण्टा टाढा, तीन महिनाको सौर्य इन्जिनियरिङ तालिममा सहभागी भएपछि पहिलोपटक आर्थिक आत्मनिर्भरता बटुल्न सफल हुनुभएको छ । प्यानल जडानदेखि तारजोड, बत्ती जडानदेखि मर्मतसम्म सिकेपछि उहाँले गाउँमै विद्युत् नपुगेका घरहरू उज्यालो बनाउन योगदान गरिरहनुभएको छ ।

उहाँका पति सिलिकोसिसका कारण अब मुश्किलले हिँडडुल गर्नसक्नुहुन्छ । चिकित्सकीय खर्च निकै महँगो छ र राज्यले दिने न्यून भत्ता मात्र नै नियमित आयको स्रोत बनेको छ । यसैबीच बेयरफुट कलेजले स्थापित गरेको कार्यक्रमले सन्तोषजस्ता महिलालाई रोजगारी, आत्मविश्वास र घरसम्भारको विकल्प प्रदान गरेको छ । संस्थानका प्राविधिक प्रबन्धक कमलेश बिष्टका अनुसार सन् १९७२ मा स्थापना भएदेखि हालसम्म ९६ देशका तीन हजारभन्दा बढी महिलालाई तालिम दिने कलेजको मुख्य लक्ष्य ग्रामीण महिलालाई स्वावलम्बी बनाउनु हो ।

निरक्षर सन्तोषको सपनासमेत साधारण छैन । उहाँ आफ्ना पाँचदेखि २० वर्ष उमेरका छोराछोरीलाई 'राम्रो शिक्षा र उज्यालो भविष्य' दिन चाहनुहुन्छ । अहिले थोरै भए पनि सौर्य प्यानल जडानबाट आम्दानी गर्न थाल्नुभएकी उहाँ भविष्यमा महिनामा करिब ७० अमेरिकी डलर बराबर कमाउने आशा राख्नुहुन्छ । परिवारबाट टाढा बसेर प्रशिक्षण लिनु कठिन भएको स्वीकार्दै पनि उहाँले यो सबै 'लायकको यात्रा' भएको बताउनुभयो ।

सन्तोषले गर्वका साथ तीन घरमा आफूले जडान गरेका फोटोभोल्टिक प्यानल देखाउनुभयो, जसले बत्ती, फ्यान र चार्जर चलाउने आवश्यक विद्युत् उत्पादन गरिरहेका छन् ।

**मरुभूमिमा फैलिएको 'स्लो किलर'**

उहाँका पतिले वर्षौंसम्म बलौटे ढुङ्गा काट्दै पेभर निर्माणका लागि लगिने ढुङ्गा निकाल्ने कठिन काम गर्नुभयो । अहिले १६ डलरको मासिक भत्ता बाहेक आयको कुनै स्रोत छैन, औषधि महँगो छ र स्वास्थ्य झनै ओरालो । आँसु पुछ्दै सन्तोषले गहना बेचेको, आफन्तसँग पैसा उधारो लिएको र आफ्नो मङ्गलसूत्र समेत राखेको बताउनुभयो ।

राजस्थानभर हजारौँ मानिस यस्तै अवस्थाबाट गुज्रिरहेका छन् । अजमेर जिल्लामात्रै पाँच हजारदेखि छ हजार बिरामी रहेको पल्मोनोलोजिस्ट लोकेश कुमार गुप्ता बताउनुहुन्छ । केही गाउँमा त सयभन्दा बढीको अवस्था दयनीय छ । सन्तोष बस्ने ४०० घरको गाउँमा मात्रै ७० जना सिलिकोसिसबाट पीडित छन् । बिस्तारै शरीर निष्क्रिय बनाउने यो रोगको उपचार प्रायः हुँदैन ।

खानी मजदुरहरू मध्ये धेरैले छ डलरभन्दा कममा दिनभरि ढुङ्गा काट्छन् । झनै जोखिमपूर्ण ज्याकह्यामर चलाउनेहरूले दोब्बर कमाए पनि विषाक्त धुलोको सामना गर्नैपर्छ । ३४ वर्षीय विनोद राम पनि १५ वर्षदेखि खानीमा काम गर्दै आएकोमा अहिले ४५ किलो मात्रै तौल रहेको र औषधिले केही मिनेट मात्र राहत दिने बताउनुहुन्छ ।

**कामको विकल्प नभएका परिवारहरू**

विनोदकी श्रीमती चम्पा देवीले पनि बेयरफुट कलेजबाट तालिम लिएर घर फर्केपछि चार घरमा प्यानल जडान गर्नुभएको छ, तर हालसम्म भुक्तानी पाइसक्नुभएको छैन । अहिले उहाँ ईंटाभट्टा तथा निर्माणस्थलमा दिनभर काम गरी करिब तीन डलर आम्दानी गर्नुहुन्छ, तर पतिको औषधि खर्च मात्र मासिक ८० डलरसम्म पुग्छ ।

यो जोडी एक अँध्यारो एककोठे घरमा, भुइँमा बिछ्याइएको पातलो कम्बलमा बस्छ, वरपरका खानीबाट हुने विस्फोटका आवाज सुनिन्छन् । "सिलिकोसिसको कुनै उपचार छैन", चिकित्सक गुप्ता भन्नुहुन्छ । धेरै बिरामी ढिलो–पाँचदेखि सात वर्षपछि–मात्र उपचारका लागि पुग्छन्, जसले समस्या जटिल बनाउँछ ।

राज्यको राहत योजनाअन्तर्गत बिरामीलाई प्रारम्भिक ३१० डलर र मृत्युको अवस्थामा परिवारलाई तीन हजार ४६५ डलर सहयोग गरिन्छ । तर धेरैजसो बिरामी अझै पनि परिवार धान्नका लागि बाध्य भएर, स्वास्थ्य जोखिमका बाबजुद बलौटे ढुङ्गा काट्नै जारी राखिरहेका छन् । ५५ वर्षीय मजदुर सोहन लाल भन्नुहुन्छ, "यदि मलाई अस्पतालले रोग पुष्टि गरिदियो भने के फरक पर्छ ? काम गरिनँ भने परिवार भोकै बस्छ ।"

यसैबीच, बेयरफुट कलेजबाट सिकेका सौर्य सीपहरूले सन्तोषजस्ता महिलामा आत्मविश्वास मात्र नभई, विषम परिस्थितिमाथि टिक्ने शक्ति पनि जगाइदिएको छ–जहाँ रोग, गरिबी र सङ्घर्षबीच पनि उज्यालो छर्ने आशाकिरण बल्दै गएको छ ।

## एनपिएलः

# 'प्लेअफ'को सम्भावनामा चार टिम



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत शुक्रबार लिग चरणको २५औँ खेल भएकोछ । लुम्बिनी लायन्स र जनकपुर बोल्ट्सबीच हुने उक्त खेल 'प्लेअफ'मा पुग्ने अन्तिम टोलीसँग जोडिएकाले विशेष हुनेछ ।

हालसम्म 'प्लेअफ'मा पुग्ने चारमध्ये तीन टोलीको टुङ्गो लागेको छ । अङ्क तालिकाको पहिलो स्थानमा अपराजित सुदूरपश्चिम रोयल्स छ । सुदूरपश्चिम क्वालिफायर एकमा पनि स्थान सुरक्षित गरिसकेको छ । त्यसबाहेक काठमाडौँ गोर्खाज र विराटनगर किंग्स 'प्लेअफ'मा पुगे पनि क्वालिफायर एकको दौडमा छन् । क्वालिफायर एकमा सुदूरपश्चिमको सामना कस्ले गर्ने भन्ने निर्णय सुदूरपश्चिम र विराटनगरबीच शनिबार हुने खेलपछि टुङ्गो लाग्नेछ ।

उक्त खेल विराटनगरले जितेमा ऊसँग काठमाडौँ गोर्खाजसँग बराबरी अर्थात् १० अङ्क हुनेछ । त्यसपछि रनरेटका आधारमा क्वालिफायर एकमा जाने दोस्रो टोलीको टुङ्गो लाग्नेछ । अहिले काठमाडौँ गोर्खाजको रनरेट ०.५३७ छभने विराटनगरको रनरेट ०.१८९ छ । विराटनगरलाई क्वालिफायर एकमा पुग्नका लागि जित मात्रै पर्याप्त हुने छैन । उसले ठूलो अन्तरमा सुदूरपश्चिमलाई पराजित गर्नुपर्नेछ । यदि विराटनगरले उक्त खेल जित्न नसकेमा काठमाडौँ गोर्खाज स्वतः क्वालिफायर एकमा जानेछभने विराटनगर किंग्सले क्वालिफायर दुईका लागि 'एलिमिनेटर' खेल्नुपर्नेछ ।

क्वालिफायर एकमा तालिकाका शीर्ष दुई टोलीले फाइनलका लागि प्रतिस्पर्धा गर्नेछन् । साथै क्वालिफायर दुईमा पुग्नका लागि अङ्कतालिकामा तेस्रो र चौथो हुने टोलीले 'एलिमिनेटर' खेल्नेछन् । क्वालिफायर एकमा विजयी हुने टोली स्वतः फाइनलमा प्रवेश गर्ने छभने पराजित हुने टोलीले 'एलिमिनेटर'को विजेतासँग क्वालिफायर दुई खेल्नेछ ।

अब रह्यो कुरा प्लेअफमा पुग्ने चौथो टोलीको । यदि शुक्रबार लुम्बिनी लायन्स विजयी भयो भने लुम्बिनी आठ अङ्कसहित स्वतः प्लेअफमा पुग्नेछ । यदि लुम्बिनी लायन्स पराजित भयो भने, प्लेअफका लागि जनकपुर बोल्ट्स, पोखरा एभेञ्जर्स र चितवन राइनोजको सम्भावना कायमै रहनेछ । कर्णाली याक्स भने यसअघि नै प्लेअफको दौडबाट बाहिर गइसकेको छ ।

लुम्बिनीविरुद्धको शुक्रबारको खेल जनकपुरले जितेको अवस्थामा उसले कर्णाली याक्सलाई आफ्नो अन्तिम खेलमा पराजित गर्नुपर्ने छभने पोखरा र चितवनका लागि आफ्नो अन्तिम खेल नकआउट हुनेछ । जनकपुरले शुक्रबार र आइतबारको खेलमा जित निकालेको अवस्थामा उसले पोखरा र चितवनबीच हुने खेलको विजेतासँग रनरेटमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ ।रासस

# चीन भ्रमणको अन्त्यमा म्याक्रोनको सांस्कृतिक स्पर्श

एएफपी

चेङ्दू । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले युक्रेन र व्यापारसम्बन्धी महत्त्वपूर्ण र केही कडा कूटनीतिक वार्तापछि शुक्रबार चीनको आफ्नो चौथो राजकीय भ्रमणलाई थप हल्का र मैत्रीपूर्ण शैलीमा समापन गर्नुभएको छ । दक्षिणपश्चिमी सिचुआन प्रान्तको चेङ्दू सहरमा उहाँले प्राचीन बाँध, पाण्डा तथा पिङ-पङसँग जोडिएका सांस्कृतिक कार्यक्रमहरूमा सहभागी भएर भ्रमणलाई सहज वातावरणमा समाप्त गर्नुभयो ।



राष्ट्रपति म्याक्रोन र उहाँकी पत्नी ब्रिजिट म्याक्रोनले राष्ट्रपति सी जिनपिङ तथा उहाँकी पत्नीलाई बेइजिङस्थित ग्रेट हल अफ द पिपलभन्दा बाहिरको परिवेशमा भेट्न चेङ्दू जाने कार्यक्रम राख्नुभएको थियो । गत वर्ष मे महिनामा फ्रान्सकै पाइरेनिस क्षेत्रमा राष्ट्रपति सीलाई स्वागत गर्नुभएकाले यसपटक उहाँले सो आतिथ्यलाई प्रतिउत्तरस्वरूप निकै विशेष भावका रूपमा लिएको बताउनुभयो ।

म्याक्रोनले यसले दुवै देशबीच विश्वास, सद्भाव र सहयोग गर्न इच्छाशक्ति रहेको स्पष्ट सङ्केत दिएको टिप्पणी गर्नुभयो ।

यसै क्रममा राष्ट्रपति सीले आफ्ना पाहुनालाई करिब ७२६ मिटर उचाइमा रहेको प्रसिद्ध माउन्ट किङचेङतर्फ लानुभयो, जहाँ प्राचीन सिँचाइ प्रणाली र विशाल बाँध अवस्थित छ । दुवै राष्ट्रप्रमुख दम्पतीबीचको भेटघाट दिगो मित्रता र बहुसांस्कृतिक आदान-प्रदानलाई सुदृढ पार्ने अवसरका रूपमा हेरिएको छ । भेटपछि म्याक्रोन दम्पतीले आफ्नो अलग-अलग सांस्कृतिक कार्यक्रम पनि तय गर्नुभएको छ ।

चीनको चौथो ठूलो तथा सांस्कृतिक रूपमा खुला रहेको चेङ्दू सहरमा राष्ट्रपति म्याक्रोनले विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुहुनेछ । सोही समयमा ब्रिजिट म्याक्रोनले विश्वप्रसिद्ध चेङ्दू जायन्ट पाण्डा ब्रिडिङ रिसर्च बेसको भ्रमण गर्दै 'पाण्डा कूटनीति' को प्रत्यक्ष अवलोकन गर्ने कार्यक्रम छ । सन् २०१२ मा फ्रान्सलाई ऋणमा दिइएका दुई पाण्डा भर्खरै चीन फर्किएका छन् । त्यहीँ उहाँले सन् २०१७ मा फ्रान्समै जन्मिएको पहिलो विशाल पाण्डा 'युआन मेङ'–जसकी उनी आधिकारिक 'गडमदर' हुन्–लाई फेरि भेट्नुहुनेछ । सिचुआनको जङ्गल हिउँ चितुवा र विशाल पाण्डासहितका दुर्लभ प्रजातिका बासस्थानका रूपमा चिनिन्छ ।

फ्रान्सेली राष्ट्रपति म्याक्रोनले पेरिस २०२४ ओलम्पिकका स्टार टेबल टेनिस खेलाडी एलेक्सिस र फेलिक्स लेब्रुन दाजुभाइलाई पनि भेट्नुहुनेछ । उनीहरू हाल चीनमा मिश्रित टोली विश्वकपमा सहभागी भइरहेका छन् । यसले दुवै देशबीच खेल सहयोग तथा सांस्कृतिक सम्बन्धसमेत मजबुत भएको सङ्केत दिन्छ ।

भेटघाटहरूको वातावरण सहज र मैत्रीपूर्ण देखिए पनि यस भ्रमणमा गम्भीर विषयहरूको चर्चा पनि केन्द्रमा रह्यो । बेइजिङमा बिहीबार राष्ट्रपति म्याक्रोनले युक्रेनमा जारी युद्ध अन्त्य गर्न चीनले प्रभावकारी भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको थियो । साथै फ्रान्स-चीन तथा युरोप-चीनबीचको बढ्दो व्यापार असन्तुलनलाई सुधार गर्न आग्रह गर्नुभएको थियो । चीनले शान्ति वार्ताका लागि निरन्तर आह्वान गर्दै आए पनि रूसको आक्रमणबारे प्रत्यक्ष टिप्पणी नगर्ने नीति कायम राखेको छ । पश्चिमी मुलुकहरूले चीनमाथि रूसलाई अप्रत्यक्ष रूपमा आर्थिक र प्राविधिक सहयोग गर्दै आएको आरोप लगाउने गरेका छन्, जसलाई चीनले अस्वीकार गर्दछ ।

फ्रान्समा चिनियाँ लगानी बढाउन राष्ट्रपति म्याक्रोनले राखेको आग्रहलाई केही सकारात्मक सङ्केतहरू देखिएको छ । यसै क्रममा बिहीबार दुवै पक्षबीच पारस्परिक लगानी विस्तार गर्ने उद्देश्यको आशय पत्रमा हस्ताक्षर भएको छ । राष्ट्रपति सीले 'निष्पक्ष व्यापार वातावरण' कायम गर्दै आपसी लगानी र व्यापारिक साझेदारी सुदृढ गर्न चीन तयार रहेको बताउनुभएको थियो ।रासस

# वासिङ्टन-मस्कोबीच शान्ति पहलमा तीव्रता



एएनआई

किएभ ।रुससँगको शान्ति प्रयासमा कुनै ठोस प्रगति नभएको मस्कोको सङ्केतपछि युक्रेनी प्रतिनिधिमण्डलले अमेरिकी वार्ताकारहरूसँग शुक्रबार पनि वार्ता जारी राख्ने तयारी गरेको छ । युक्रेनका राष्ट्रिय सुरक्षा सचिव रुस्टेम उमेरोभ र जनरल स्टाफका प्रमुख एन्ड्री हेनाटोभको नेतृत्वमा रहेको टोली विशेष दूत स्टिभ विटकफको नेतृत्वमा रहेको अमेरिकी पक्षसँग पुनः छलफलमा बस्दैछ ।

राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले एक्समा उक्त छलफलको उद्देश्य मस्कोमा हालसालै भएका वार्ताका सबै विवरणको स्पष्टता प्राप्त गर्नु र कूटनीतिक प्रक्रियामा युक्रेनको चासो प्रमुख रूपमा सुरक्षित गर्नु रहेको बताउनुभयो । उहाँले युक्रेन 'कुनै पनि सम्भावित घटनाक्रम' का लागि तयार रहेको र सम्मानजनक शान्ति स्थापनाका लागि सबै साझेदारसँग रचनात्मक रूपमा काम गर्ने प्रतिवद्धता दोहोर्‍याउनुभयो ।

जेलेन्स्कीले भन्नुभयो, "हाम्रो काम भनेको मस्कोमा के भनिएको थियो र पुटिनले युद्धलाई लम्ब्याउन वा युक्रेनमाथि दबाब सिर्जना गर्न कुन-कुन बहाना प्रयोग गर्दै हुनुहुन्छ भन्नेबारे पूर्ण जानकारी हासिल गर्नु हो । सम्मानजनक शान्तिले मात्र वास्तविक सुरक्षा दिन्छ र यसका लागि अन्तर्राष्ट्रिय समर्थन निरन्तर चाहिन्छ ।"यसअघि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी दूत विटकफसँग करीब पाँच घण्टा लामो वार्ता गर्नुभएको थियो । तर क्रेमलिनका वरिष्ठ सल्लाहकार युरी उसाकोभका अनुसार संवेदनशील क्षेत्रीय मुद्दामा कुनै सहमति हुन सकेन ।

इन्डिया टुडेसँगको अन्तर्वार्तामा पुटिनले युक्रेनको सुरक्षा रुसको सुरक्षा चासोमाथि आधारित हुनैपर्ने र मस्कोले आफ्नो 'लालरेखा' मा सम्झौता गर्न नसक्ने स्पष्ट पार्नुभयो । नाटो विस्तारका विषयमा उहाँले पश्चिमी शक्तिहरूमाथि आरोप लगाउँदै युक्रेनलाई नाटोमा तान्ने प्रयासले रुसको सुरक्षा गम्भीर जोखिममा पारेको बताउनुभयो ।राष्ट्रपति जेलेन्स्कीबारे पुटिनले टिप्पणी गर्दै भन्नुभयो, "उहाँ शान्तिको वाचा गर्दै सत्तामा आउनुभयो, तर अहिले कट्टर राष्ट्रवादी शक्तिहरूको हितलाई प्राथमिकता दिइरहनुभएको छ ।" पुटिनले वर्तमान युक्रेनी नेतृत्वको दृष्टिकोणलाई 'चरम राष्ट्रवादीतर्फ उन्मुख' भन्दै नव-नाजीवादसँग तुलना गर्नुभयो ।

पुटिनले सन् २०२२ मा युक्रेनसँग शान्ति वार्ताको प्रयास भएको दाबी गर्दै अहिले पनि वार्ताको ढोका खुला रहेको तर रुसको सुरक्षालाई कमजोर पार्ने छ ।

## महिला भलिबलः

# त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश



झापा । यहाँ जारी अर्जुनधारा खुला महिला भलिबल प्रतियोगितामा त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

शुक्रबार सम्पन्न समूह चरणको आफ्नो अन्तिम खेलमा एभरेष्ट लुम्बिनी क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै त्रिभुवन आर्मी क्लव विजयी बनेको थियो । आर्र्मी क्लबले २१-२५, १८-२५ र १०-२५ को सोझो सेटमा एभरेस्ट लुम्बिनी क्लबलाई पराजित गरेको थियो । पराजय व्यहोरेसँगै एभरेस्ट लुम्बिनी प्रतियोगिताबाट बाहिरिएको छ । खेलको ' प्लेयर अफ दी म्याच' आर्मी क्लबकी वसन्ती साउद हुनुभयो । उहाँलाई नगद रु पाँच हजार र ट्रफी प्रदान गरिएको छ ।

समूह 'ए' मा रहेको त्रिभुवन आर्मी क्लबले अब सेमिफाइनलमा समूह 'बी' को विजेतासँग प्रतिस्पर्धा गर्नेछ । आजको खेल जितेर त्रिभुवन आर्मी क्लब आफ्नो समूह 'ए'को उपविजेता भएको हो । समूह ' ए' बाट एपिएफ समूह विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरिसकेको छ ।प्रतियोगितामा सहभागी छ टोलीलाई दुई समूहमा बाँडिएको छ । समूह 'ए' मा एपिएफ, एभरेस्ट लुम्बिनी र त्रिभुवन आर्मी छन्भने समूह 'बी' मा न्यू डायमन्ड, कोशी प्रदेश र नेपाल पुलिस क्लब रहेका छन् ।

अर्जुनधारा-६ मा रहेको लक्ष्मी माविको मैदानमा जारी प्रतियोगिताको फाइनल खेल मङ्सिर २१ गते हुने सहआयोजक लक्ष्मी माविका अध्यक्ष वीरबहादुर राईले बताउनुभयो । झापामा राष्ट्रियस्तरको महिला भलिबल पहिलोपटक भएको हो । प्रतियोगिताको विजेताले रु दुई लाख, दोस्रोले रु एक लाख र तेस्रो हुनेले रु ३० हजार पुरस्कार पाउने आयोजक नगर खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्र धिमालले बताउनुभयो ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडीले रु १५ हजार, प्रत्येक दिनको प्लेयर अफ दी म्याचले रु पाँच हजार र ट्रफी प्राप्त गर्नेछन् । त्यस्तै बेस्ट स्पाइकर, बेस्ट ब्लकर, बेस्ट सर्भर, बेस्ट सेटर र बेस्ट लिबेरोले रु १० हजार र ट्रफी प्राप्त गर्नेछन् । मङ्सिर २० गते पहिलो सेमिफाइनल समूह 'ए' को विजेता र समूह 'बी' को उपविजेताबीच हुनेछ । सोही दिन अन्तिम सेमिफाइनल खेल समूह 'बी' को विजेता र समूह 'ए' को उपविजेताबीच हुनेछ ।रासस

# अमेरिकी शान्ति प्रस्ताव 'अस्वीकार्य' - पुटिन

एपी

नयाँदिल्ली ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेन-रुस युद्ध अन्त्य गर्न अमेरिकी पक्षले अघि सारेका केही प्रस्तावहरू क्रेमलिनका लागि अस्वीकार्य रहेको बताउनुभएको छ । बिहीबार प्रकाशित उहाँका अभिव्यक्तिले शान्ति सम्झौता अझै टाढा रहेको सङ्केत गर्छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले करिब चार वर्षअघि सुरु भएको युद्ध रोक्ने उद्देश्यले कूटनीतिक पहललाई तीव्र पार्नुभएको छ । तर विशेष गरी युक्रेनले रुसलाई भूमि हस्तान्तरण गर्नुपर्ने हो कि होइन र भविष्यमा मस्कोद्वारा सम्भावित आक्रमणबाट युक्रेनलाई कसरी सुरक्षित बनाउने भन्ने प्रश्नमा वार्ताले फेरि उही संवेदनशील मुद्दामा पुगेर रोकावट देखाएको छ ।

ट्रम्पका विशेष दूत स्टिभ विटकफ तथा उहाँका ज्वाइँ जारेड कुशनरले क्रेमलिनमा पुटिनसँगको छलफलपछि युक्रेनी प्रतिनिधिमण्डलसँग पनि भेट गर्ने योजना बनाउनुभएको थियो । बैठक भएको नभएकोबारे भने पुष्टि हुन सकेको छैन । हलान्डेल बिचस्थित शेल बे क्लबमा भएको बैठक औपचारिक रूपमा घोषणा नभएकाले अधिकारीहरूले नाम नखुलाउने सर्तमा मात्र टिप्पणी गरेका छन् ।

पुटिनले मङ्गलबार विटकफ-कुशनरसँग भएको पाँच घण्टा लामो वार्ता 'आवश्यक, उपयोगी तर कठिन' भएको बताउनुभयो । केही प्रस्तावहरू रुसका लागि स्वीकार्य नपरेको उहाँले उल्लेख गर्नुभयो । नयाँदिल्ली आगमनअघि इन्डिया टुडेसँग कुरा गर्दै पुटिनले वार्तामा उठाइएका अमेरिकी विचारहरू अघिल्ला छलफलका आधारमा भए पनि केही नयाँ तत्व पनि सामेल रहेको जानकारी दिनुभयो ।

"हामीले प्रत्येक बुँदा बुझ्दै अघि बढ्नुपर्ने भएकाले समय लाग्यो", उहाँले भन्नुभयो, "कसैकसैमा हामी छलफल गर्न सक्छौँ, तर सहमत हुन सकिँदैन भन्ने कुरा स्पष्ट छ ।"ट्रम्पले विटकफ र कुशनर वार्ताबाट फर्कँदा 'पुटिन युद्ध अन्त्य गर्न इच्छुक हुनुहुन्छ' भन्ने धारणा लिएर



आएको बताउनुभएको थियो । पुटिनले अमेरिकाको २८ बुँदे प्रस्ताव छोट्याएर २७ बुँदा बनाइएको र त्यसलाई चार प्याकेजमा विभाजन गरिएको जानकारी दिए पनि कुन बुँदा स्वीकार्य वा अस्वीकार्य हो भन्ने खुलाउ गर्न चाहनुभएन ।

रुसी राष्ट्रपतिले ट्रम्पको प्रयासको प्रशंसा गर्दै 'दुवै पक्षलाई सहमत गराउनु सजिलो होइन' भन्नुभयो । तर अहिले नै कुन बुँदा उपयुक्त वा अनुपयुक्त भन्ने बताउन नचाहेको उहाँको भनाइ थियो, किनकि यसले ट्रम्पको कूटनीतिक पहललाई असर गर्न सक्छ ।पुटिनले रुसले पूर्वी डोनेट्स्क क्षेत्र पूर्ण रूपमा लिने लक्ष्य पूरा गर्ने दाबी दोहोर्‍याउँदै 'या त हामी बलपूर्वक छेउका क्षेत्र फिर्ता लिन्छौँ, वा युक्रेनी सैनिक पछि हट्छन्' भन्नुभयो ।

यसैबीच, युद्धक्षेत्रमा हिंसा रोकिएको छैन । रुसी क्षेप्यास्त्रले क्रिवी रिहमा प्रहार गर्दा तीन वर्षीया बालिकासहित छ जना घाइते भएको स्थानीय अधिकारीहरूले जनाएका छन् । आक्रमणले ४० भन्दा बढी आवासीय भवन, एक विद्यालय र घरेलु ग्यास पाइप क्षतिग्रस्त भएको छ । दक्षिणी सहर खेरसनमा अघिल्लो दिनको रुसी गोलाबारीमा छ वर्षीया बालिकाको मृत्यु भएको थियो । निरन्तर प्रहारपछि खेरसनको थर्मल पावर प्लान्ट बन्द हुँदा ४० हजारभन्दा बढी बासिन्दा प्रभावित बनेका छन् ।

ओडिसामा रुसी ड्रोन आक्रमणमा छ जना घाइते भएका छन् भने नागरिक तथा उर्जा पूर्वाधार क्षतिग्रस्त भएको अधिकारीहरूले बताएका छन् । समग्रमा रुसले रातभर दुई वटा ब्यालेस्टिक क्षेप्यास्त्र र १३८ ड्रोन प्रहार गरेको युक्रेनी पक्षले बताएको छ । उता, खेरसनको रुसी-आयोजित प्रशासनले युक्रेनी ड्रोन आक्रमणमा दुई जनाको मृत्यु भएको तथा ६८ वर्षीया महिला घाइते भएको दाबी गरेको छ ।

# सयपत्री 'होमस्टे' सञ्चालन


म्याग्दी । यहाँको बेनी नगरपालिका-९ तोरीपानीमा सयपत्री सामुदायिक घरबास (होमस्टे) सञ्चालन भएको छ ।पाँचवटा घरमा एक दिनमा २१ जना बास बस्न सक्ने क्षमताको घरबास सञ्चालन भएको हो । जुना खत्री, रश्मी चोखाल, सुजना चोखाल, युव गिरी र जमुना क्षेष्ठको घरमा होमस्टे सुरु भएको समूहका अध्यक्ष सीता खत्रीले जानकारी दिनुभयो ।

"गाउँमा आउने पाहुनालाई पारिवारिक वातावरणमा बसोबासको व्यवस्था मिलाउने उद्देश्यले घरबास सुरु गरेका हौं", उहाँले भन्नुभयो, "पर्यटकको चाप बढेपछि थप घरहरूमा पनि होमस्टे सञ्चालन गर्ने योजना छ ।"पाहुना राख्नका लागि होमस्टे सञ्चालकले घरमा छुट्टै कोठा बनाएका छन् । खाट, बेड, विस्तार र शौचालयलाई व्यवस्थित गरेका छन् । एउटा घरमा एकदेखि दुईवटा कोठामा पाहुनाका लागि व्यवस्था गरिएको छ । घरका कोठाबाटै हिमाल देख्न सकिन्छ ।

तोरीपानी प्रकृति र संस्कृतिका परिकारको स्वाद चखाइने होमस्टे सञ्चालक युव गिरीले बताउनुभयो ।

"गाउँमै उत्पादन भएको खाद्यान्न, तरकारी, फलफूल र पशुजन्य उत्पादनको परिकारको स्वाद चखाउँछौं", उहाँले भन्नुभयो, "पर्यटकले यानीमाया, पञ्चेबाजा र भजनमा नाच्न पाउँछन् ।" पाहुनाका लागि होमस्टे सञ्चालकहरूले आफैं तरकारीखेती, कुखुरा र गाईभैंसीपालन गरेका छन् ।

तोरीपानी मसलेदार फल टिमुरको पकेट क्षेत्र हो । टिमुरको चटनी सयपत्री होमस्टेको विशेष परिकार हो । फर्कंदा पाहुनालाई टिमुर, भटमास र भागो कोसेली दिने गरिएको होमस्टे सञ्चालक जमुना श्रेष्ठले बताउनुभयो । रु एक हजार ५०० खर्चमा एक रात बास बस्न सकिन्छ ।होमस्टे सञ्चालनका लागि इको हिमालय संस्थाले तालिम र पूर्वाधार निर्माणमा सहयोग गरेको छ । संस्थाका निर्देशक नारायण ढकालले प्रतिघर रु ७० हजारबराबरको सामग्री र समूहलाई रु दुई लाख सहयोग गरेको



जानकारी दिनुभयो । इको हिमालयले तोरीपानीमा टिमुरखेती विस्तार, गुणस्तर सुधार र बजारीकरणमा सहयोग गर्दै आएको छ ।

समुद्री सतहदेखि एक हजार ७५० मिटर उचाइमा अवस्थित तोरीपानीको पृष्ठभूमिमा धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मानापाथी हिमशृङ्खला देखिन्छ । रासस

साथै जैविक विविधता र ऐतिहासिक हिसाबले पनि महत्त्वपूर्ण छ । विभिन्न जातजातिको मिश्रित बसोबास छ । उनीहरूको संस्कार, रहनसहन र ग्रामीण जीवनशैलीमा रमाउन सकिन्छ । पाहुनालाई स्थानीय गौरीया गुडुरा जातको धानको भात, कोदो र फापरको पीठोको ढिडो तथा रोटी, टिमुरको चटनी, लोकल कुखुरा, खसीको मासु, दूध, दहीका

# पर्यटकीय पहिचान बन्दै सडक महोत्सव

गण्डकी । प्रत्येक अङ्ग्रेजी नयाँ वर्षका अवसरमा रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले गर्दै आएको पोखरा सडक महोत्सव यहाँको विशिष्ट पर्यटकीय पहिचान बनेको छ ।

सन् १९९८ मा पहिलोपटक पोखरामा सानो आकारमा सुरु गरिएको सडक महोत्सवले आफ्ना २६ वटा संस्करण सम्पन्न गर्दै २७औं संस्करणको तयारी थालिसकेको छ । यस वर्ष आगामी पुस १३ देखि १७ गतेसम्म फेवाताल किनार लेकसाइडको साढे तीन किलोमिटर क्षेत्रमा महोत्सव गर्न लागिएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले जानकारी दिनुभयो ।'सडक मै खाउँ, सडक मै नाँचौं, सडकमै रमाउँ' भन्ने नाराका साथ महोत्सवले खाना, संस्कृति र सङ्गीतलाई प्रवर्द्धन गर्नाका साथै पोखराको पर्यटनमा मात्र नभई नेपालको पर्यटकीय विकासमा विशिष्ट स्थान ओगटेको अध्यक्ष पौडेल बताउनुहुन्छ ।

"कुनै समय अङ्ग्रेजी नयाँ वर्ष मनाउन भारतको गोवा र थाइल्यान्ड जाने परम्परा थियो, तर पोखरा सडक महोत्सवले त्यो परम्परालाई तोड्दै पोखरालाई अङ्ग्रेजी नयाँ वर्षको प्रमुख गन्तव्यका रुपमा स्थापित गर्न सफल भएको छ", उहाँले भन्नुभयो, "वर्तमानमा यो महोत्सव केवल एउटा कार्यक्रम मात्र नभई पोखराको पहिचान, 'ब्रान्ड' र गौरवमय इतिहासको अभिन्न हिस्सा बनिसकेको छ ।"

यस महोत्सवले पोखरामा मात्र नभई आसपासका क्षेत्रमा समेत यहाँको समग्र पर्यटन प्रवर्द्धनसँगै आर्थिक रुपमा महत्वपूर्ण प्रभाव पारिरहेको पर्यटन व्यवसायीहरूको अनुभव छ । महोत्सवका कारण पर्यटनसम्बद्ध सबै क्षेत्र लाभान्वित बनेको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो ।उहाँका अनुसार अङ्ग्रेजी नयाँ वर्षका अवसरमा गरिने पोखरा सडक महोत्सवका समयमा यहाँका होटेलमा क्षमताको ९० प्रतिशत



भरिभराउ हुन्छन् । महोत्सवकै कारण अङ्ग्रेजी नयाँ वर्षका केही दिन यहाँको पर्यटन क्षेत्र चलायमान हुने जनाउँदै उहाँले यसले स्वदेशी एवम् विदेशी पर्यटकलाई आकर्षित गरिरहेको बताउनुभयो ।

पोखराको पर्यटन क्षेत्रमा कुल रु आठ खर्ब लगानी भइसकेकामा होटेल क्षेत्रमा मात्रै रु छ खर्ब लगानी भएको उहाँको भनाइ छ । उहाँका अनुसार पोखरामा प्रत्येक दिन ४० हजार जनासम्म पर्यटक राख्न सक्ने क्षमता छ । "अङ्ग्रेजी नयाँ वर्षमा विदेशी पर्यटकसँगै देशका विभिन्न स्थानबाट आउने पर्यटकले यहाँका होटेल भरिभराउ हुने गरेको छ", उहाँले भन्नुभयो ।

यस महोत्सवको सुरुआतीसँग प्रत्यक्ष रुपमा पोखराका वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई जोडिनुभएको छ । सन् १९९७ मा घुमघामका लागि भट्टराई भारतको गोवा जाँदा त्यहाँ 'फुड एन्ड म्युजिक फेस्टिभल' चलिरहेको थियो । पर्यटक लक्षित उक्त फेस्टिभल प्रत्यक्ष अवलोकन र अनुभूति गर्नुभएका भट्टराईलाई पोखरामा पनि यस्तै फेस्टिभल गर्न सकिने आशा एवम् विश्वास जागेको थियो ।

उक्त फेस्टिभल हेरेर फर्केलगत्तै तत्कालीन समयमा पोखरा घुम्न आउनुभएका तत्कालीन राजा वीरेन्द्रसँग उहाँको भेटघाट भयो । सो क्रममा राजा वीरेन्द्रले जाडोयाममा पोखरामा पर्यटक नदेख्दा चिन्ता व्यक्त गर्नुभएको थियो । राजा वीरेन्द्रको चासोसँगै गोवामा भर्खरै देखेको फेस्टिभलको अनुभव समेतले यस समयमा त्यस किसिमको पर्यटकीय गतिविधि गर्नुपर्छ भन्ने सोच जागेको उहाँले अनुभव सुनाउनुभयो ।

"राजपरिवारका सदस्य पोखराको भ्रमण रहेको त्यस समयमा मैले तत्कालीन युवराज दीपेन्द्रसँग लेकसाइडस्थित बुमर्‍याङ रेष्टुरेन्टमा सँगै पारिवारिक डिनर गर्नका लागि गरेको आग्रहलाई स्वीकार्दै उहाँहरू सपरिवार डिनरका लागि आउनुभएको थियो", उहाँले भन्नुभयो, "त्यस क्रममा भएको कुराकानीमा राजा वीरेन्द्रले यस समयमा पोखरामा पर्यटकको कमी भएको चिन्तासँगै पर्यटक बढाउने गतिविधि आदिबारे जिज्ञासा राख्नुभएको थियो ।"

तत्कालीन समयमा राजा वीरेन्द्रले समेत पर्यटनका सम्बन्धमा देखाउनुभएको चासो समेतका जगमा अर्को वर्षदेखि सन् १९९८ मा सुरु गरिएको महोत्सव वर्तमानमा यहाँको ब्रान्ड नै बनिसकेको भट्टराईले बताउनुभयो । सुरुमा यहाँको जम्मा आधा किलोमिटर क्षेत्रफल समेटेर महोत्सव गरिएको उहाँले जानकारी दिनुभयो ।यस समयमा चिसोका कारण हिमाली क्षेत्रको पदयात्रामा गएका पर्यटक फर्किसक्ने र आन्तरिक पर्यटकको चहलपहल पनि नहुने अवस्थामा गर्न थालिएको महोत्सवले केही दिन यहाँको पर्यटन चलायमान हुने गरेको उहाँको भनाइ छ ।

"हामीले महोत्सवलाई खाना, संस्कृतिसँगै धार्मिक र जातीय सद्भावका माध्यमबाट उत्पादनसँग जोड्नु आवश्यक छ", उहाँले भन्नुभयो, "महोत्सवका अवसरमा हाम्रा घरेलु उत्पादनको बजारीकरणका लागि राज्यका निकायले सहयोग गर्नु जरुरी छ ।" समग्र पर्यटनको विकासका लागि गुणस्तरीय पर्यटनमा जोड दिँदै अघि बढ्नुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

यस समयमा नेपालमा पर्यटकीय चहलपहल पनि नहुने भएकाले यहाँ रहेका विदेशी पाहुना क्रिसमससँगै अङ्ग्रेजी नयाँ वर्ष मनाउन आफ्नो देश फर्कने गरेको अवस्थामा पोखरामा हुने महोत्सवले उनीहरूलाई समेत रोक्ने गरेको महोत्सवका संयोजक एवम् रेवान पोखराका प्रथम उपाध्यक्ष वसन्त गौतमले जानकारी दिनुभयो ।

पछिल्लो समयमा कतिपय विदेशी पर्यटक पोखराको सडक महोत्सव हेर्नकै लागि आउने गरेको र देशका विभिन्न भागबाट आन्तरिक पर्यटकहरू पनि यस अवसरमा पोखरा आउने गरेको उहाँको भनाइ छ । "यस कार्यक्रमले क्रिसमस र न्यू इयर मनाउन स्वदेश फर्कने विदेशीलाई पोखरा नै रोक्न सकेको छ, देशका विभिन्न स्थानबाट आन्तरिक पर्यटकको आगमन पनि बढाएको छ", उहाँले भन्नुभयो ।

पोखराका पर्यटन व्यवसायीका अनुसार मेलाका अवसरमा यहाँको साढे तीन किलोमिटर क्षेत्रमा सडककै ठाउँठाउँमा विभिन्न खानाका परिकार खाँदै सांस्कृतिक माहौलमा नाच्दै पर्यटक रमाउने गरेका छन् । मेलाका अवसरमा आउने विदेशी पर्यटकले विशेषतः नेपालमा उत्पादित ह्यान्डिक्राफ्टका सामान आदि किन्ने गर्दछन् । त्यस्तै यस क्रममा माटोका भाडा, चकटी, ढाकाका सामानसँगै यहाँका स्थानीय उत्पादनको राम्रै व्यापार हुने गरेको छ । महोत्सवका अवसरमा नेपालका विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक झाँकी, मौलिक वेशभूषा र परम्परागत नृत्यको प्रदर्शन हुने रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले जानकारी दिनुभयो ।

'सडकमै खाऔं' भन्ने नारालाई सार्थक पार्दै सडकमै राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिकारहरूको प्रत्यक्ष स्वाद लिन पाइने बताउँदै उहाँले नेपालका ख्यातिप्राप्त कलाकारको 'लाइभ कन्सर्ट', मौलिक लोकदोहोरी गीत प्रस्तुत गरिने जानकारी दिनुभयो ।त्यस्तै महोत्सवमा फेवातालमा डुङ्गा दौड, वेटर दौड, टग अफ वारका साथै पर्यटक लक्षित विभिन्न गतिविधि गर्ने गरिएको छ । पोखराको पर्यटनका अवसर र चुनौतीबारे विज्ञहरूसँग टक सो, पोखराको सौन्दर्य झल्कने वृत्तचित्र प्रदर्शनसँगै फोटो प्रदर्शनीसमेत गरिने उहाँले जानकारी दिनुभयो ।रासस

# कमैयाबाट उद्यमीसम्मको सङ्घर्षमय यात्रा

कञ्चनपुर । बीस वर्षअघि कमैया मुक्तिको घोषणा हुँदा शुक्लाफाँटा नगरपालिका-१० झलारीका ५६ वर्षीय केशव डगौरासँग पुनःस्थापनाको क्रममा पाइएको चार कट्ठा जग्गाबाहेक कुनै सम्पत्ति थिएन । हाल उहाँले पक्की घरमात्र ठड्याएउनुभएका छैन, मासिक रु एक लाखसम्म कमाउने हैसियत बनाउनुभएको छ ।

सामान्य सङ्घर्ष मात्रले त्यो हैसियत बनेको होइन । बाल्यकालदेखि नै गरिबी, कमैया प्रथा र श्रमको बेडामा बाँधिनुभएका डगौराको सङ्घर्षमय यात्रा अहिले गाउँकै लागि प्रेरणादायी बनेको छ । उहाँ भन्नुहुन्छ, "दुःख त धेरै भोगियो, तर मिहिनेत गरेको मान्छेलाई ईश्वरले हात समाइदिँदोरहेछ ।"

डगौराका बुबा वर्षौंसम्म जमिन्दारको घरमा कमैया थिए । आमाको मृत्यु हुँदा उहाँ छ महिनाका मात्र हुनुहुन्थ्यो । बाल्यकालदेखि नै जमिन्दारको घरमै हुर्कनुपरेको उहाँले १० वर्षको उमेरमा गोरु चराउने जिम्मेवारी पाउनुभयो । पन्ध्र वर्ष पुग्दा बुबासँगै हलो जोत्ने काममा संलग्न हुनुभयो । त्यसको केही समयमै 'सौंकी हालेर' कमैया बस्न बाध्य भए । घरजग्गा केही थिएन, आश्रय पनि जमिन्दारकै ठाउँ थियो । "कमैया बस्नुबाहेक कुनै विकल्प थिएन", डगौराले सम्झनुभयो ।

कमैयाको दिनचर्या अत्यन्त कठोर थियो । बिहान सबेरै हलो जोत्ने, गोरुका लागि घाँस काट्ने र फुर्सदमा जमिन्दारका भैंसी चराउने उहाँको दैनिकी थियो । चाडपर्वका दिन पनि गोरु स्याहारिसकेपछि मात्र बिदा मिल्थ्यो ।

"दसैं, तिहार, माघी सबै दिन काम गर्नुपर्ने, कमैया जीवन भनेको कामकै बन्धन थियो", उहाँले विगत सम्झँदै भन्नुभयो ।सौंकी लिएको रकमको ब्याज तिर्नुपर्ने बाध्यताले वर्षौं उहाँ त्यही गाह्रो चक्रमा बिताउनुभयो । चार भाइमध्ये कान्छा डगौराले भन्नुभयो, "हामी चारै भाइ ठूलो भएपछि बुबालाई कमैया बस्न दिएनौं, तर आफैं कमैयाबाट मुक्त भने हुनसकेनौं, ती



दिन सम्झँदा आज पनि मुटु काम्छ ।"

सरकारले कमैया मुक्तिको घोषणा गरेपछि डगौराको जीवनमा नयाँ मोड आयो । कमैयाका नाममा लिइएको सौंकी रकम सरकारले मिनाहा गरे पनि 'अरूको ऋण खान मिल्दैन' भन्दै उहाँले आफूले लिएको सौंकी रकम जमिन्दारलाई फिर्ता गर्नुभयो । त्यसपछि २०५८ सालमा पुनःस्थापना कार्यक्रमअन्तर्गत झलारी बजार नजिकै चार कट्ठा घरबासको जग्गा पाएँ । त्यहीँ झुपडी बनाएर नयाँ जीवन सुरु भयो ।

त्यही समयमा गरिबी निवारण कोषले मुक्त कमैयाहरूका लागि समूह गठन गर्न थाल्यो । डगौरा पनि सो समूहमा आबद्ध हुनुभयो । समूहको कर्जा र आयमूलक कार्यक्रममार्फत किराना, पशुपालनजस्ता व्यवसाय सञ्चालन गर्ने निर्णय भयो । "मैले बङ्गुर पाल्ने निर्णय गरैं", उहाँले भन्नुभयो, "समूहबाट पहिलोपटक रु १० हजार ऋण लिएर चारवटा बङ्गुरका पाठा ल्याएँ तर चुनौतीहरू अझै बाक्लिँदै थिए, खानका लागि अन्न थिएन, बङ्गुरका लागि चारो जुटाउन त परकै कुरा भयो, केही दिन मजदुरी गरेर जीविका चल्यो, त्यसबाटै आएको रकमले बङ्गुरको चारो जुटाउन थालियो ।"

त्यही बेला अधियाका रूपमा दुई बिघा जग्गा खेती गर्न पाइयो । "त्यहाँबाट आएको अन्नले परिवारको पेट पाल्नेमात्र नभई बङ्गुरका लागि पनि चारोको व्यवस्था भयो डगौराले भन्नुभयो, "बचेको अन्न बेचेर समूहको ऋण तिर्न भ्याएँ, बङ्गुर हुर्कँदै गए, बेच्दा केही आम्दानी पनि भयो ।"

उहाँ अगाडि भन्नुहुन्छ, "अर्कोपटक समूहबाट रु ५० हजार ऋण लिने निर्णय गरैं, सुरुमा सदस्यहरू आशङ्कित भए, तर कुटानी पिसानी मिल राखेर कर्जा तिर्ने अश्वासन दिएँ, त्यसपछि एउटा चक्की र धान कुट्ने हलर मेसिन राखैं ।" त्यतिबेला झलारी क्षेत्रमा विद्युत् थिएन, त्यसैले मिल डिजेल इन्जिनमा चलाइयो । चार वर्षभित्रै मिल चल्यो र ग्राहक बढ्दै गए ।

"मिल चलेपछि नाफा पनि मनग्य भयो", डगौराले भन्नुभयो, "ग्राहक बढेपछि सानो मेसिनले नधानेपछि ठूला मेसिन राख्ने योजना बनाएँ, यसका लागि समूहबाट लिएको कर्जा तिरेर फेरि रु एक लाख ५० हजार कर्जा लिएर आधुनिक मेसिन जडान गरैं ।" यसबीच झलारीमा विद्युत् सुविधा पनि आइपुग्यो । रु २० हजार तिरेर डगौराले विद्युत् मिटर जडान गर्दा मिल डिजेलबाट विद्युत्मा चल्न थाल्यो ।

हालसम्म डगौराले मिलमा झण्डै रु सात लाखभन्दा बढी लगानी गरिसक्नुभएको छ । अहिले दुईवटा सेलर, दुईवटा स्पेलर, दुई चक्की र आवश्यक विद्युतीय मोटरसहित मिल ठूलो परिमाणमा सेवा दिन सक्षम छ । मासिक कमाइबारे उहाँ भन्नुहुन्छ, "खर्च कटाएर महिनामा रु ५० हजार जति बचत हुन्छ, सिजनमा त रु एक लाखभन्दा बढी कमाइ हुन्छ ।" मिलबाट निस्कने खलि, ब्रानजस्ता वाइ-प्रोडक्ट बेचेर पनि थप आम्दानी भइरहेको छ ।

मिलबाटै आएको आयले डगौरा परिवारको हाल जीवनस्तर नै बदलिएको छ । पहिले झुपडीमा बस्ने उहाँ अहिले छकोठे पक्की घर बनाएर त्यसमै बस्दै आउनुभएको छ । मिल पनि पक्की पिलरसहित स्थायी संरचनामा विस्तार हुँदैछ । उहाँका पाँच छोरी र दुई छोरा सबै निजी विद्यालयमा पढ्दै आएका छन् । मिलका सबै काम मेसिन मर्मत, इन्जिन सरसफाइ, धान-गहुँ प्रशोधन उहाँ आफैँले सिक्नुभएको छ, जसले मिस्त्री खर्च पनि बचत हुन्छ । श्रीमती भागरथी चौधरी पनि मिलमै काम गर्नुहुन्छ ।

"पहिले के लगाउने, के खाने, कहाँ बस्ने भन्ने ठूलो चिन्ता थियो", भागरथीले भन्नुभयो, "अब त्यो पीर छैन, कमाइले जीवन सहज भएको छ, छोराछोरीलाई राम्रो पढाइदिने मात्र चाहना बाँकी छ, हामीले विद्यालयको मुखसम्म देख्न पाएनौं, छोराछोरी पढेर ठूलो मानिस बनेको हेर्ने इच्छा छ ।"डगौराले कुखुरा, हाँस र बङ्गुरपालनलाई पनि निरन्तरता दिनुभएको छ । कुनै बेला कमैयाको कठोर जीवनमा बाँधिएका उहाँहरू अहिले मिहिनेत, अनुशासन र सही निर्णयले आर्थिक रूपमा आत्मनिर्भर बन्नुभएको छ ।

यद्यपि, डगौरा दम्पतीको एउटै गुनासो छ, "गरिबका बालबालिकाले उच्च शिक्षा पढ्न सरकारबाट छात्रवृत्ति पाउनुपर्ने व्यवस्था सुनिन्छ, तर व्यवहारमा पाएका छैनौं, यदि त्यो सुविधा प्राप्त हुन्थ्यो भने हाम्रा छोराछोरी पनि डाक्टर, इन्जिनियर वा पाइलटजस्ता पेसामा पुग्थे ।" डगौराको जीवनले देखाउँछ- सङ्कट र कठिनाइ कहिले पनि अन्त्य हुँदैन, सही समय, मिहिनेत र योजना भए जीवनको दिशा परिवर्तन गर्न सकिन्छ ।रासस

# दूध उत्पादनमा वृद्धि

दमौली । पशुपालनमा कृषकको आकर्षण बढेसँगै तनहुँमा दूध उत्पादनमा वृद्धि भएको छ । जिल्लाका स्थानीय तथा भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले अनुदानको कार्यक्रम ल्याएपछि कृषक पशुपालनतर्फ आकर्षित भएका छन् । त्यसकारण जिल्लामा दूध उत्पादनमा वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ७४ हजार ७५५ मेट्रिकटन दूध उत्पादन भएको कार्यालय प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ७३ हजार ५७२ मेट्रिकटन दूध उत्पादन भएको थियो । उहाँका अनुसार एक हजार १८२ मेट्रिकटन दूध उत्पादनमा वृद्धि भएको छ ।

जिल्लाभर १३ हजार ९९२ दुधालु गाई, २१ हजार ५०३ दुधालु भैंसीको सङ्ख्या रहेको कार्यालयले जनाएको छ । दुधालु गाईको सङ्ख्या ३०४ र भैंसीको सङ्ख्या २६१ ले वृद्धि भएको छ । यस्तै जिल्लामा ऊन उत्पादनसमेत वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ मा २८९ किलो ऊन उत्पादन भएको छ । आर्थिक वर्ष २०८०/८१ मा २७३ किलो ऊन उत्पादन भएको थियो । जिल्लामा भेडाको सङ्ख्या ७२३ रहेको छ ।

तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर छ । प्रतिव्यक्ति ९१ लिटर दूध आवश्यकता पर्नेमा ११८ दशमलव ५४ लिटर उपलब्धता रहेको अधिकारीले बताउनुभयो । त्यस्तै प्रतिव्यक्ति १४ किलो मासु आवश्यक पर्नेमा १४ दशमलव ४१ किलो उपलब्धता रहेको छ । अण्डा ४८ गोटा आवश्यक पर्नेमा ८३ गोटा उपलब्धता छ । दूधमा २७ दशमलव ५४ लिटर, मासुमा शून्य दशमलव ४१ किलो र अण्डामा ३५ गोटाले बढी छ । माछामा भने तनहुँ आत्मनिर्भर बन्न सकेको छैन । प्रतिव्यक्ति सात किलो माछा आवश्यक पर्नेमा शून्य दशमलव २८ किलो मात्रै उपलब्धता छ ।

**दूधमा अनुदानबापत रू ९७ लाख वितरण**

कार्यालयले दुग्ध उत्पादक कृषकलाई रु ९७ लाख ४१ हजार ५३४ अनुदान वितरण गरेको छ । दुग्ध उत्पादक कृषकलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यसहित कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ११ सहकारीमार्फत उक्त रकम वितरण गरेको हो । रासस


## मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहट

## हकदाबीको ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला रौतहट साविक गा.वि.स. भसेढवा वडा नं. ८ हाल कटहरिया न.पा. १ बस्ने मृतः पुरुष परमेश्वर राउत भन्ने परमेश्वर रायको चार छोराहरू जेठो रामस्वरूप राय यादव, माईला छेनुक राय यादव, साइला (जग्गाधनी) अनुठा राउत अहिर भन्ने अनुठा राय यादव, कान्छो छोरा रामअशिष राय यादव भएकोमा जेठो छोराको मृत्यु पछि हक खाने श्रीमती कलेसरी देवी र निजको पनि मृत्यु पछी हक खाने दुई छोराहरूमा जेठो धरीछन राय यादव, कान्छो परीछन राय यादव, साईला छोराको मृत्यु पछि हक खाने श्रीमती सोनवा देवी भएकोमा निजको मृत्यु भई सकेकोले हक खाने दुई छोराहरुमा जेठो भिखारी राय यादव, कान्छो महिन्द्र राय यादव भएको जेठो छोराको मृत्यु भई सकेकोले एक निजको श्रीमती बसमतीया देवी भएकोमा निजको पनि मृत्यु भई सकेकोले हकखाने दुई छोराहरुमा जेठो ओपेन्द्र राय यादव र कान्छो हरिन्द्र राय यादव, साइला छोरा (जग्गाधनी) अनुठा राय यादवको मिति २०२२ सालमा अविवाहित अवस्थामा मृत्यु भईसकेको हो । र कान्छो छोरा रामअशिष राय यादवको मृत्यु पछि हक खाने श्रीमती फुलमतिया देवीको पनि मृत्यु पछि हक खाने छोरा जमाहिर राय यादव भएकोले हामीहरु भतिजा, नाती/नाता पर्ने हकदारहरुले दर्ता प्रमाणित हुन छुट जग्गा दर्ता प्रमाणित गरि नामसारी समेत गरि पाँउ भनि कटहरिया न.पा. वडा नं. १ को, च.नं. ७२४ मिति २०८२।०८।११ को सिफारिस साथ अन्य प्रमाणहरू संलग्न गरि माग निवेदन पेश भएकोले निवेदकहरु बाहेक पनि अरु कोही सो जग्गाहरुको हकदार छ कि छैन उक्त जग्गाहरु कस-कसको जोत भोगमा रहेको छ, माग जग्गाहरु कुनै ऐलानी, प्रती, सरकारी, सार्वजनिक जग्गामा घुसेको छ कि छैन, मागअनुसार दर्ता प्रमाणित हुन् जग्गा दर्ता प्रमाणित गरि नामसारी गरि दिएमा कुनै किसिमले कसैलाई फरक असर पर्छ कि, पर्दैनः दर्ता प्रमाणित हुन छुट जग्गा दर्ता प्रमाणित गरी नामसारी गरी दिएमा कुनै किसिमले कसैको हकदावी पुग्ने भए सो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिने भित्र स-प्रमाण सहित दावी गर्न आउनु होला अन्यथा नियमनुसार भई जानेछ पछि उजुर बाजुर लाग्ने छैन् ।

**तपसिल**

| क्र.स. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|---|
| १ | रौतहट | भसेढवा | ९ | ४१ | ०-२-१० | अनुठा राउत मर्दा धेनुक राय यादव मौ. झौवा |
| २ | रौतहट | भसेढवा | ९ | ४२ | ०-३-५ | |
| ३ | रौतहट | भसेढवा | ९ | ४४ | ०-३-५ | अनुठा राउत मर्दा हक खाने दाजु सरुप नारायण राय यादव |
| ४ | रौतहट | भसेढवा | ९ | ४५ | ०-३-० | |
| ५ | रौतहट | भसेढवा | ७क | ४८ | ०-४-५ | अनुठा राउत अहिर मर्दा हक खाने धेनु राउत सरुप, फुमतिया राउत अहिर |
| ६ | रौतहट | भसेढवा | ७क | ४९ | ०-४-५ | " |
| ७ | रौतहट | भसेढवा | ७क | ५० | ०-४-० | " |
| ८ | रौतहट | भसेढवा | ७क | ८३ | ०-२-१० | " |
| ९ | रौतहट | भसेढवा | ७क | ८४ | ०-२-१० | " |
| १० | रौतहट | भसेढवा | ७क | ८५ | ०-३-० | " |
| ११ | रौतहट | भसेढवा | ९ | ४६ | ०-३-५ | अनुठा राउत मर्दा निजको भाई बुहारी फुलवरिया यादवनी मौ भसेढवा |
| १२ | रौतहट | भसेढ़वा | ९ | ४७ | ०-३-० | " |


# गौरीघाट पुलमा सवारीसाधन रोक्न सिँढी निर्माण

काठमाण्डु । पशुपति क्षेत्रस्थित गौरीघाट पुलबाट गुह्येश्वरी जाने सवारीसाधनलाई आवागमनमा रोक लगाएर सिँढी बनाउन सुरु गरिएको छ । काठमाडौं महानगरपालिकाले पुल निर्माण सकिएपछि सिँढी बनाउन थालेको हो ।

महानगरपालिका सम्पदा तथा पर्यटन समितिको संयोजकसमेत रहनुभएका कामपा-८ का वडाध्यक्ष आशामान संगतले निर्माणका क्रममा सवारी सञ्चालन हुँदा समस्या भएपछि सिँढी निर्माण गर्न लागिएको बताउनुभयो । "यो अस्थायी संरचना हो । स्थायी सिँढी बनाएर सवारी साधन रोक्नुपरेमा सरोकार भएका सबैसँग छलफल गरी अघि बढ्ने छौं", उहाँले भन्नुभयो ।

सिँढी निर्माणस्थलमा भेटिनुभएका भक्तजन जयराम सापकोटाले यसले गर्दा अशक्त तथा ज्येष्ठ नागरिकलाई गुह्येश्वरी मन्दिर दर्शन गर्न अप्ठ्यारो हुने धारणा राख्नुभयो । करिब एक वर्षअघि पुल जीर्ण भएर बनाउन सुरु गरिएकामा लामो समय आधुनिक निर्माण सामग्री प्रयोग गरिएको भन्दै रोकिएको थियो ।

पुरातत्व विभागले दिएको निर्देशनअनुसार प्राचीन निर्माण सामग्री प्रयोग गरेर पुल बनाउन महानगरपालिका सहमत भएपछि गत असोजमा पुलको बाहिरी स्वरुप निर्माण सम्पन्न भएको हो ।

पुललाई स्थायी बनाउन अझै काम बाँकी भएकाले सिँढी बनाएर सवारी आवागमन रोकिएको वडा कार्यालयले जनाएको छ ।विश्व सम्पदा क्षेत्रमा भौतिक संरचना तथा पूर्वाधार निर्माण गर्दा अपनाउनुपर्ने मापदण्डविपरीत पुल पुनःनिर्माण सुरु गरेपछि विभागले पुरानै स्वरुपमा बनाउनुपर्ने भन्दै रोकेको थियो । महानगर पुरानै स्वरुपमा पुल बनाउन सहमत भएपछि पुनः काम सुरु भएको हो ।

यसैबीच, पुरानो पुल भत्काउँदा निकालिएका पुराना इँट्टाको संरक्षण नहुँदा चोरी भएको स्थानीयवासीले बताएका छन् । सुरुमा श्री ५ त्रिभुवन र श्री ३ चन्द्रशम्शेर लेखेको इँट्टा भेटिए पनि पछि त्यहाँ नभेटिएका स्थानीय अर्जुन लामिछानेले जानकारी दिनुभयो । ऐतिहासिक एवं पुरातात्विक महत्वका ती ईँटा कहाँ गए भनेर सरोकार भएका निकायले जवाफ दिनुपर्ने उहाँको माग छ । आगामी दिनमा धार्मिक तथा सांस्कृतिक आस्थाका क्षेत्र, विश्व सम्पदा क्षेत्रमा पूर्वाधार निर्माण गर्दा सम्बन्धित निकायले ध्यान दिनुपर्नेमा स्थानीयवासीले जोड दिएका छन् । चोरी भएका पुरातात्विक सामग्रीको खोजी गरी राखिनुपर्ने स्थानीयको माग छ ।रासस

# जसपाद्वारा प्रशासन कार्यालय अगाडि धर्ना




**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी (जसपा) नेपालले देशव्यापी रुपमा जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएको छ।

जनकपुरधाममा शुक्रबार जसपा नेपालद्वारा पूर्वघोषित कार्यक्रम अनुसार जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका छन्।

मधेश आन्दोलनको क्रममा सरकारसंग भएको २२ र ८ बुँदे सहमति कायम गर, जेन- जी आन्दोलनको माग पूरा गर, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपाति निर्वाचन प्रणाली लागु गर जस्ता नारा लगाउँदै जसपाका नेता- कार्यकर्ताहरु प्रदर्शन गरेका थिए।

जसपा धनुषाका अध्यक्ष पशुपति यादवको नेतृत्वमा नगरको विभिन्न भागको परिक्रमा गर्दै नेता कार्यकर्ताहरु जिल्ला प्रशासन कार्यालय पुगेका थिए।

उक्त धर्नास्थलमा पार्टीका केन्द्रीय पदाधिकारी, सदस्य, प्रदेशसभाका सदस्यहरु, जिल्लाका पदाधिकारी एवं सदस्यहरुको सहभागिता रहेको थियो।

मधेश प्रदेशसहित ७७ वटै जिल्ला प्रशासन कार्यालय अगाडि जसपा नेपालले धर्ना दिएको छ।

# मधेशलाई थप उजाड हुन नदिन जागरूक बन्नुपर्नेः नेता साह

“समृद्ध मधेशको सपना, मधेशवादी दलसँग इच्छाशक्ति नै छैन” साहले मधेशको समृद्धिका लागि कुनै ठोस योजना वा दीर्घकालीन दृष्टि मधेशवादी दलहरुमा नदेखिएको बताए।

**टुडे समाचारदाता**

रौतहट। आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले मधेशवादी दलहरूको स्वार्थकै कारण  मधेश पछाडि पर्नुको मुख्य कारण भएको आरोप लगाएका छन्।

बर्दिवासमा शुक्रबार आयोजित आजपा महोत्तरी-१ को क्षेत्रीय भेलामा बोल्दै उनले मधेशवादी दलहरू सत्ता-खेलमा रमाउँदा मधेश बदनाम र उजाड हुँदै गएको दाबी गरे।

अध्यक्ष साहका अनुसार मधेसवादी दलहरू जनताको समस्या समाधानभन्दा मुख्यमन्त्री बनाउने, सरकार बनाउने-गिराउने दाउपेचमै सीमित छन्।

“मधेसलाई उजाड बनाउनेहरूले समृद्ध बनाउने योजना ल्याउनु पर्ने हो, तर यिनीहरू सत्ता र कुर्सीको खेलमा मात्रै तल्लीन छन्,” साहको आरोप थियो।

‘समृद्ध मधेशको सपना, मधेशवादी दलसँग इच्छाशक्ति नै छैन’ साहले मधेशको समृद्धिका लागि कुनै ठोस योजना वा दीर्घकालीन दृष्टि मधेशवादी दलहरूमा नदेखिएको बताए। उनले मानव विकास सूचांकमा मधेश सबैभन्दा पछाडि रहे पनि संघीय सरकारदेखि प्रदेशसम्म सत्ता चलाउनेहरू बेपरवाह बनेको उल्लेख गरे।

“मधेशवादी दलहरूको विगत र वर्तमान स्पष्ट छ– सत्ता प्रवेश र सत्तामा रमाउनुबाहेक तिनको अर्को उपलब्धि छैन,” उनले कटाक्ष गरे।




उनका अनुसार नेतृत्व सही नभएकै कारण मधेसका जनता निराश, पिछडिएका र अवसरविहीन बन्न बाध्य भएका छन्।

जनताको मुद्दा छोडेर सत्तासँग सम्झौता मात्रै साहले शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात लगायतका मूल समस्यामा मधेशवादी दलहरू मौन बसेको आरोप पनि दोहोऱ्याए।

उनको भनाइ अनुसार मधेशका वास्तविक मुद्दा छोडेर सत्तासँग जे-जस्तो सम्झौता गर्दा पनि सरकार प्रवेश गर्ने तर काम नगर्ने प्रवृत्तिले मधेस कंगाल बन्दै गएको छ।

उनले आगामी निर्वाचनमा मधेशका जनतालाई गम्भीर भएर मतदान गर्न आग्रह गर्दै मधेशलाई थप उजाड हुन नदिन जागरूक बन्नुपर्ने बताए।

# जनकपुरधाम घोषणापत्र सार्वजनिक




**टुडे समाचारदाता**

जनकपुरधाम। सात वटै प्रदेशका प्रदेश लोक सेवा आयोगको पाँचौं सम्मेलनबाट जनकपुरधाम घोषणा पत्र जारी गर्दै सम्पन्न भएको छ।

जनकपुरधाममा बिहीबारदेखि शुरु भएको पाँचौ सम्मेलन शुक्रबार सम्पन्न भएको थियो।

योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीता नाराका साथ बिहीबारबाट सुरु भएको दुई दिने सम्मेलनबाट जनकपुरधाम घोषणापत्र सार्वजनिक गर्दै सम्पन्न भएको प्रदेश लोकसेवा आयोग मधेश प्रदेशले जनाएको छ।

उक्त सम्मेलनमा सात वटै प्रदेशकाप्रदेश लोकसेवा आयोगका अध्यक्ष तथा पदाधिकारीहरुको सहभागिता रहेको थियो।

उक्त कार्यक्रमको उद्घाटन लोक सेवा आयोगका केन्द्रीय अध्यक्ष माधव प्रसाद रेग्मी र मधेश प्रदेश लोक सेवा आयोगका अध्यक्ष शिवराम यादवले संयूक्तरुपमा गरेका थिए।

उक्त सम्मेलनमा सात वटै प्रदेशका लोक सेवाका अध्यक्षहरुले आ-आफ्नो प्रदेशमा विद्यमान लोकसेवा सम्बन्धी कार्य योजना एवम् समस्याहरुको बारेमा छलफल भएको थियो।

छलफल पछि देखिएका समस्याको समाधानका लागि गम्भीर भइ सम्बन्धित नियकाहरुलाई समन्वय गर्न आग्रह गर्दै कार्यान्वयनमा जोड दिएको थियो।

प्रदेश लोकसेवा आयोगको प्रशासन तथा कामकारबाहीमा उत्पन्न समस्याको समाधानलाई मध्यनजर गर्दै एकीकृत रुपमा जनकपुरधाम घोषणापत्र जारी गरिएको मधेश प्रदेश लोक सेवाका अध्यक्ष यादवले बताए।

# धानमा आगलागी



**टुडे समाचारदाता**

राजविराज। सप्तरीको महादेवा गाउँपालिका-४ स्थित डाढाको मुसहरी टोलमा दाइँ (दौनी) गर्नका लागि राखिएको धानमा आगलागी हुँदा क्षति भएको छ।

स्थानीय ६० वर्षीया रबि सदाको करिब एक बिघा खेतबाट काटिएको धान दाइँ गर्न घरछेउमै जम्मा गरिराखिएको अवस्थामा बिहीबार राति अचानक आगलागी हुँदा क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगलागीबाट करिब एक लाख ३७ हजार पाँच सय रुपैयाँ बराबरको धान जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए। आगलागीको कारण खुल्न नसकेको र त्यसबारेमा थप अनुसन्धान भइरहेको उनले बताए।

बिहीबार मध्यरातमा लागेको आगलागी स्थानीयवासीको सहयोगमा अबेर राति नै पूर्णरूपमा नियन्त्रणमा आएको थियो।

# प्रलोपामा प्रवेश

**टुडे समाचारदाता**

वीरगञ्ज। विभिन्न दल तथा वामपन्थी घटकबीच एकता भएर बनेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्व अस्वीकार गर्दै पर्साका सात जना युवा नेता प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) मा समाहित भएका छन्।

तत्कालीन माओवादी केन्द्रका युवा नेता सन्तोष घिमिरे, नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपाः का केन्द्रीय उपाध्यक्ष बालकृष्ण श्रेष्ठ, पर्सा क्षेत्र नम्बर २ का इन्चार्ज अमिताभ बच्चन दासलगायतका नेता जनार्दन शर्मा, बाबुराम भट्टराईहरूको अग्रसरतामा बनेको प्रलोपामा समाहित भएका छन्।



त्यस्तै साविकको माओवादीकै पर्सा क्षेत्र २ का क्षेत्रीय संयोजक सुनिल रौनियार, पर्साकै कालिकामाई गाउँपालिकाका इन्चार्ज दिनेश प्रसाद यादव, युवा नेता फनिद्र प्रसाद गुप्ता र अखिल क्रान्तिकारीकै केन्द्रीय लेखा आयोग उपाध्यक्ष रहेकी गायत्री सिंहले प्रचण्डको साथ छाडेका छन्।

देशमा विकसित भएको राजनीतिक परिवर्तनपछि पनि कम्युनिस्ट पार्टीको कार्यशैली नसच्चिएको भन्दै जनवादी केन्द्रियताका नाममा गोजीबाट नेतृत्व छान्ने प्रवृत्ति कायम रहेको उनीहरूको भनाइ छ।

# शिलिड्स: सीप र सशक्तिकरण बैठक सम्पन्न




**टुडे समाचारदाता**

लहान। यूर्सुला जिन्डेल हिल्टी फाउण्डेशन (यूजेडएच) को आर्थिक साझेदारीमा हेल्भेटास नेपालले नेतृत्व गरिरहेको शिलिड्सः सीप र सशक्तिकरण परियोजनाको समन्वय बैठक सिरहाको लहानमा सम्पन्न भएका छ।

बैठक लहान नगरपालिकाको नगर प्रमुख महेश चौधरीको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा परियोजनाको बारेमा संक्षिप्त जानकारी, उद्देश्य, सम्पन्न भएका गतिविधिहरु, आगामी महिनाको योजनाहरु तथा यसले समुदायस्तरमा ल्याउन खोजेको परिवर्तनहरुको बारेमा प्रस्तुतिकरण गरिएको थियो। यसको साथै नगरमा महिला सशक्तिकरणको वर्तमान अवस्था र आगामी पहलहरु र सहकार्यका क्षेत्रहरुको बारेमा संक्षिप्त प्रस्तुतिकरण नगरपालिकाको योजना शाखा प्रमुख इञ्जिनियर अनिक यादवले गरेका थिए।

उक्त कार्यक्रममा उपस्थित सहभागिहरुले परियोजनाले महिलाहरुको सीप विकास र आर्थिक सशक्तिकरणको कुरामा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए। साथै महिलाहरुलाई सीप मात्र नभएर आफूहरुले उत्पादन गरेका चीजहरुको बजारीकरण पनि उत्तिकै महत्वपूर्ण भएकाले उनीहरुलाई बजारीकरणको सीपको साथसाथै बजारमा पनि पहुँच पुऱ्याउने र व्यक्तिगत रुपमा भन्दा पनि उनीहरुलाई एक ठाउँमा ल्याएर संस्थागत रुपमा कुनै उद्योग खोल्न वा सामुहिक रुपमा व्यपार व्यवसायहरु गर्नका लागि महिलाहरुलाई तयार गर्नुपर्ने कुरामा जोड दिन अनुरोध गरिएको थियो।

उक्त कार्यक्रममा लहान नगरपालिकाका नगरप्रमुख, वडा अध्यक्ष तथा सदस्यहरु, निमित्त प्रमुख प्रशासकीय अधिकृत, प्रशासन प्रमुख, योजना शाखा प्रमुख, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, रोजगार संयोजक, उद्यम विकास सहजकर्ता, विभिन्न विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य, सामुदायिक सिकाइ केन्द्रका प्रतिनिधि, विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधि लगायत नागरिक समाजका अगुवाहरुको उपस्थिति रहेको थियो।

उक्त परियोजनाको बारेमा संक्षिप्त प्रस्तुतीकरण हेल्भेटास नेपाल शिलिड्स परियोजनाको निरमा चौधरीले गरिन् भने संचालन सुर्मिला चौधरीले गरेकी थिइन्।

# सबैया वनमा बघिनीको ४ डमरु

**टुडे समाचारदाता**

बारा। पर्साको पर्सागढी नगरपालिकास्थित सबैया साझेदारी वन क्षेत्रमा बाघको एउटा डमरु फेला परेको जनाइएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष चितवन कार्यालयको प्राविधिक टोलीले गरेको अनुगमनका क्रममा उक्त डमरु फेला पारेको जनाएको छ।

कार्यालय पर्साका प्रमुख मञ्जुर अहमदले टोलीले बाघ रहेको सम्भावित क्षेत्रको अनुमगनका क्रममा एउटा डमरु देखिएको बताए। उनले भने, ‘टोलीले उक्त डमरुको तस्बिरसमेत खिचेको छ,’ उनले अघि थप्दैं भने, ‘सो क्षेत्रमा एउटा बघिनीले चार वटा बच्चा स्याहारिरहेको अनुमान प्राविधिक टोलीले गरेको छ।’ एक महिनायता यहाँ बाघ



रहेको अनुमानसहित बाघको निगरानी गर्न कोषको टोली बुधबार क्यामरा जडान गर्न गएको थियो। तर टोली त्यहाँ पुग्दा बाघले ठूलो आवाजसहित कराएपछि टोली क्यामरा जडान नगरी फर्केको थियो। बिहीबार सोही टोली आवश्यक तयारी तथा उपकरणसहित निगरानीमा जाँदा डमरु फेला परेको छ।

अन्य तीन डमरु र माउसँग एउटा डमरु छुट्टिएको प्राविधिकले अनुमान गरेका छन्।

सोही स्थानमा सोमबार घाँस काट्न गएकी स्थानीय शान्तामाया श्रेष्ठलाई बाघले आक्रमण गरेर गम्भीर घाइते बनाएको थियो। बघिनीले यस क्षेत्रमा आफ्ना डमरु स्याहारिरहेको र त्यस क्रममा मानव उपस्थिति हुँदा बघिनीले आक्रमण गर्ने गरेको हुन सक्ने प्राविधिकको अनुमान छ।

बाघ रहेको क्षेत्रमा आवश्यकता पर्दा निगरानी गर्न हात्ती नियमित रुपमा राख्नुपर्ने भएकाले पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनलाई हात्ती उपलब्ध गराइदिन आग्रह गरिएको उनको भनाइ छ।

# अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको जगरनाथपुर गाउँपालिकाले कृषकलाई आधुनिक, उत्पादक र परिणाममुखी कृषि प्रणालीतर्फ उन्मुख गराउने उद्देश्यसहित ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण गरेको छ।

गाउँपालिकाका अध्यक्ष श्रीकान्त प्रसाद यादवले उत्पादनवृद्धि, लागत न्यूनीकरण र किसानलाई समयमै गुणस्तरीय बीउ उपलब्ध गराउन कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए।

उनले दिएको जानकारी अनुसार किसानलाई समयमै उत्तम बिउ उपलब्ध गराउनु नै समृद्ध कृषि र समृद्ध गाउँपालिकाको आधार हो। “कृषि नै हाम्रो आर्थिक मेरुदण्ड हो। किसानलाई सक्षम र प्रतिस्पर्धी बनाउन गुणस्तरीय बिउ अत्यावश्यक हुन्छ,” अध्यक्ष यादवले भने, “हामी यही लक्ष्यका साथ अगाडि बढिरहेका छौं।”

गाउँपालिकाले कृषकलाई सहभागी बनाउँदै बाली उत्पादन वृद्धि गर्न बीउ वितरण कार्यक्रमलाई प्राथमिकता दिएको छ। गहुँको उन्नत जातले उपजमा उल्लेख्य वृद्धि गर्नुका साथै खेतीका लागि आवश्यक खर्चमा कमी ल्याउने भएकाले किसानमा उत्साह देखिएको उनको भनाइ छ।

अध्यक्ष यादवले उक्त कार्यक्रमलाई सफल बनाउन सहयोग र सक्रिय सहभागिताका लागि स्थानीय किसान समुदायप्रति आभार व्यक्त गरेका छन्।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८